झलनाथ खनालको अध्यक्ष माधव नेपालप्रति असन्तुष्टि पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ७५ • २०८२ साल साउन १८ गते आइतबार (3 August, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कोशीमा मैथिली र लिम्बु कामकाजी भाषा

**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेश सरकारले सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको बैठकले विधेयक पेश गर्ने निर्णय गरेको र विधेयक पास भएपछि भाषा आयोगले सिफारिस गरे अनुसार कोशी प्रदेशमा लिम्बु र मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाइने प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतिरमण भण्डारीले जनाए।

त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारको नाम कोशी प्रदेश सरकार, विराटनगर नेपाल लेख्ने निर्णय पनि गरेको छ। प्रदेश सरकार कोशी प्रदेशले प्रदेश सरकारको उपस्थिति नदेखिए जस्तो भएकोले प्रदेश सरकारको नामकरण परिवर्तन गरिएको मन्त्री भण्डारीले बताए।

त्यस्तै बैठकले प्रदेश स्वास्थ्य नीति स्वीकृत गरेको मन्त्री भण्डारीले बताए। उनले कोशी प्रदेश तथ्यांक सम्बन्धी विधेयक पनि प्रदेश सभामा पेश गर्ने निर्णय गरेको बताए।

### नयाँ दल भनिएकाहरुको ठगी र भ्रष्टाचार

# आन्तरिक कलहमा अल्झिए जनमत, नाउपा र रास्वपा

**टुडे समाचारदाता**

जनकपुरधाम । नयाँ दलहरु भनिएका जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टी पनि ठगी र भ्रष्टाचारमा चुर्लुम्म डुबेको पाइएको छ।

वि.सं. २०७९ मा भएको आमनिर्वाचनबाट संसदीय राजनीतिक दलको रुपमा नयाँ दलहरु पनि जन्मिए । नयाँ दल जनमत, रास्वपा र नाउपाले आफूलाई सुरुसुरुमा पुरानो दलबाट असन्तुष्ट, विरक्त र निराश भएकाहरुको 'वैकल्पिक शक्ति'का रुपमा अर्थ्याइदैंछ। तर नयाँ भनिएका दलहरुको क्रियाकलाप, शैली, मानसिकता, परिवारजनको पार्टीको रुपमा रहेको र पुराना दलहरु भन्दा पनि संकीर्ण तथा गैरजिम्मेवार रहेको टिप्पणी हुन थालिएको छ।

ठूला रहेका दलहरू नसुध्रिएको अवस्थामा नयाँ दलहरूले मुलुकमा परिवर्तन गर्ने आँकलन गरिन्थ्यो । तर नयाँ दल स्वयंले पनि आफूलाई त्यही रूपमा प्रस्तुत गर्दै अझै पनि उनीहरुले आफूलाई मुलुकको राजनीतिक परिवर्तन गर्ने दाबी गर्दै आएका छन्।

मधेश प्रदेशमा २०७९ कै आमनिर्वाचनबाट जन्मिएको जनमत पार्टीले प्रत्यक्ष र समानुपातिकबाट गरी प्रतिनिधिसभामा ६ सिटसहित पहिलो प्रयासमै राष्ट्रिय दल बन्न सफल भयो भने मधेश प्रदेशमा १३ सिट ल्याएर मधेश प्रदेश सरकारको अगुवाइसमेत गरिरहेको छ । जनमतले लुम्बिनी प्रदेशसभामा पनि ३ सिट ल्याएको छ।

तर जनमत आन्तरिक कलहले थिलथिलो अवस्थामा पुगेको छ । पार्टी निर्माणको सुरुवाती चरणदेखि नै जोडिएका एकपछि अर्को नेताहरूलाई कारबाही गर्रिदै गएपछि आन्तरिक संघर्ष जालो विस्तार हुँदै गएको छ। भने दाई-भाई र भाउजुसमेतको पार्टीमा परिणत भएको स्थानीयस्तरमा टिप्पणी हुन थालेको छ।



जनमत पार्टीमा अध्यक्ष, उपाध्यक्ष वा सरसम्पत्तिसहितको प्रश्न सोध्नेलाई सिधैं कारबाही गरेर गलहत्याउने कार्य विगत लामोसमयदेखि नै भइरहेको छ । जुन अहिले आएर छरपष्ट भएको जनमतको कारबाहीमा परेका ई. दीपक कुमार साह बताउँछन्।

सो पार्टीबाट राष्ट्रिय उपाध्यक्ष दीपक साह, कोषाध्यक्ष सुरेन्द्र यादव र केन्द्रीय सदस्य वीरेन्द्र साहले अध्यक्ष डा. सीके राउतमाथि नै गम्भीर प्रश्न उठाउँदै समानान्तर गतिविधि गरिरहेका छन्। जनमत अहिले अघोषित रूपमा दुई टुक्रा भइसकेको उनीहरुले दाबी गर्दै आएका छन्।

विगतमा संघीय सरकारमा गएको र अहिले मधेश प्रदेश सरकारमा रहेर पनि परिणाममुखी काम गर्न नसकेको आरोप जनमतमाथि लाग्दै आएको छ। आन्तरिक कलहलाई मिलाउन नसकेमा आउने दिनमा जनमतलाई ठूलो क्षति पुग्ने बुझाइ जनमतका नेता तथा कार्यकर्ताहरुको छ।

त्यस्तै राष्ट्रिय दल बन्न नसके पनि प्रतिनिधिसभामा तीन सिटसहित नागरिक उन्मुक्ति पार्टी (नाउपा) पनि गत आमनिर्वाचनबाट नयाँ दलका रूपमा उदाउन सफल भयो । नाउपाले सुदूरपश्चिम प्रदेशमा ७ र लुम्बिनी प्रदेशमा ४, मधेश प्रदेशसभामा एक सांसद छन्।

तर श्रीमान-श्रीमती रेशम चौधरी र रञ्जिता श्रेष्ठबीचको घरझगडाले नाउपा विभाजनको शिकार भएको छ । बिहीवार मात्रै संरक्षक रेशमले श्रीमती श्रेष्ठलाई निष्काशन गरेर बुवा लालवीर चौधरीलाई पार्टी अध्यक्ष बनाएको छ।

२०८० पुसमा टीकापुरमा भएको पहिला महाधिवेशनबाट शुरु भएको रेशम-रञ्जिता विवाद सरकारमा जाने/नजाने, रहने वा नरहने जस्ता विषयमा विवाद चर्किंदै जाँदा अहिले पार्टी नै फुटाउन बाध्य भएको छ।

यसैगरि जनमत र नाउपा भन्दा पनि ठूलो दलको रुपमा रास्वपा रहेको छ। छोटो तयारीबीच नै रास्वपाले आमनिर्वाचन (प्रत्यक्ष र समानुपातिकसहित) मा २० सिट ल्याएको छ । उपनिर्वाचनबाट त्यसलाई कायम राख्दै एक सिट थप्न सफल पनि भयो।

तर रास्वपाका सभापति रवि लामिछाने नै सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि जेल गएपछि सो पार्टी अहिले विलखबन्दमा परेको छ । रास्वपाले थुनामै गए पनि सभापतिका रूपमा उनलाई नै सारिरहेका छन् । रास्वपाका शीर्षनेताहरु अदालतको निर्णयको पर्खाइमा छन्।

राजनीतिमा आउनुअघिदेखि नै लामिछानेको पृष्ठभूमि विवादित थियो । उनलाई पार्टी गठन र आमनिर्वाचनसम्म लोकप्रियताले साथ दिए पनि सत्ता र शक्तिको बाटो रोजेपछि लोकप्रियताभन्दा बढी आलोचनाले लखेटेको छ।

उप्रधानमन्त्री तथा गृहमन्त्री रहेकै बेला नागरिकताको वैधताका सन्दर्भमा लामिछाने दोषी ठहरिए । त्यसपछि गृहमन्त्रीसँगै रास्वपाकै सभापति पदसमेत गुमाएका लामिछानेले वैधानिक नागरिकता लिए। ०८० वैशाख १० गते भएको उपनिर्वाचनमा चितवन २ बाटै पुनः निर्वाचित भएर दोस्रोपटक उपप्रधानमन्त्री तथा गृहमन्त्री बने।

पुरानो दलको साटो नयाँ दल अर्थात 'वैकल्पिक शक्ति'का रूपमा उदयमान भएका तीनवटै नयाँ दलहरू अहिले आफैं विवादितसंगै बदनाम भएका छन्। ठगी, भ्रष्टाचार, परिवारवाद तथा नातागोता प्रकरणदेखि आन्तरिक कलह उत्कर्षमा पुग्दा यी पार्टी नै छिन्नभिन्न हुने र अस्तित्व नै मेटिन सक्ने संकेत समेत देखिन थालेको बजारमा हल्लाहरु पनि चल्न थालेको छ।

राजनीतिक विश्लेषक शंकर तिवारीले लामो समयमा पुराना दलहरूले देखा परेभन्दा बढी नयाँ दलहरूमा अस्थिर चरित्र देखा परेकाले उनीहरूको भविष्यमै प्रश्न चिह्न खडा भएको बताए। उनीहरुसंग पार्टी सञ्चालन, आवश्यक रोडम्याप तथा दण्ड र पुरस्कारको विधिजस्ता कुरामा नयाँ दलहरू चुकेको उनको भनाइ छ।









# बनाना रिसोर्टमा आगलागीबाट लाखौँको क्षति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको बनाना रिसोर्टमा आगलागीबाट लाखौँको क्षति भएको छ ।



जिल्लाको इशनाथ नगरपालिका-२ स्थित औरैयाको रिसोर्ट जिल्लाकै पहिलो बनाना रिसोर्टमा शनिबार आगलागी भएको छ । आगलागीका कारण रिसोर्ट भित्रका सबै सरसामान जलेर नष्ट भएको रौतहट प्रहरीले जनाएको छ।

रिसोर्ट सञ्चालक राकेश गुप्ताले आगलागीबाट करिब ४० लाख रुपैयाँ बराबरको क्षति भएको बताए । आगलागीले १५ लाख बराबरका फर्निचर, फ्रिज, कृषि उपकरण, खाद्यान्न, इलेक्ट्रोनिक सामग्री तथा २५ लाख लागतमा बनेको घर जलेर नष्ट भएको उनले बताए ।

आगलागी सुरक्षाकर्मी, स्थानीयवासी, सशस्त्र प्रहरी तथा नगरपालिकाको मिनी दमकलको सहयोगमा नियन्त्रणमा ल्याइएको थियो। विद्युत् सर्ट भएर आगलागी भएको आशङ्का गरिए पनि घटनाको अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ ।

# अवकासपछि कृषकका लागि 'रोलमोडल' बन्दै सहसचिव दाहाल

महोत्तरी । लामो खडेरीले कतै धान रोपाइँ नभइरहेका बेला महोत्तरीको भङ्गाहा-४ रामनगरको शिरानटोलमा रोपाइँ सकिएको छ। बभनटोली पनि भनिने शिरानटोलका स्थानीयले आपसी हेलमेलमार्फत डिपबोरिङको पानीबाट रोपाइँ गरेका हुन् ।

यहाँका स्थानीय एवं नेपाल सरकारका अवकासप्राप्त सहसचिव काशीराज दाहालको अगुवाइमा ३० परिवारको खेती समयमा लगाइएको हो । करिब ३० जना किसानको ६० बिघा जग्गामा रोपाइँ सकिएको उहाँले जानकारी दिनुभयो । चारैतिर पानीको हाहाकार परेका बेला टोलबासीलाई एकत्रित गरी बोरिङ जडान गरेसँगै खेतीमा सबैको सहभागिता जुटाउँदै साउन १५ भित्रै रोपाइँ सकिएको उहाँले बताउनुभयो ।

"गाउँका मानिसलाई सम्झाउन सक्ने हो भने सहयोग सजिलै पाइन्छ । बोरिङ जडानदेखि सबैको खेती पालोपर्म मिलाएर समयमा लगाउन सकियो", दाहालले भन्नुभयो, "आपसी हेलमेलको यो थिति बसाउन सके खेतीपाती निकै सहज बन्ने अनुभव सँगालियो ।" टोलका सबैजना बीउ काढ्ने, रोप्ने काममा लाग्दा १५ दिनभित्र ६० बिघा खेत रोपिएको उहाँको भनाइ छ।

आपसी हेलमेलले सबैको काममा लाग्ने पालो मिलाइँदा खेती कम खर्चिलो भएको किसानको अनुभव छ । "हामी जन (श्रमिक) पाइएन भन्थ्यौँ, सबै कुरा हामीभित्रै रहेछ", किसान अरुण गिरीले भन्नुभयो, 'सिडियो साब' (गाउँले दाहाललाई सिडियो साब सम्बोधन गर्छन्) ले नेतृत्व गरी हामीलाई जुटाउनुभयो । पानीको हाहाकार परेका बेला पनि हामीले साउन १५ अघि रोपाइँ सक्यौं ।"

सामूहिक श्रमथिति बसाल्नसके श्रमिकको अभाव महसुस नहुने गिरीको भनाइ छ । गत वर्षको जेठमा सरकारी सेवाबाट अवकास पाएपछि गाउँ आउनुभएका दाहालले सिँचाइको प्रबन्धका लागि पहिलो प्रयत्न थाल्नुभयो । एकपछि अर्को काममा सबैको सहभागिता जुटाउँदै अघि बढेसँगै सहयोगी भाव र समन्वयको संस्कृति सुदृढ हुँदै गएको टोलबासीको अनुभव छ।

"कतिपय साथीलाई "कुलिङ पिरियड" ले तनाब दिइरहेको देख्छु", दाहालले भन्नुभयो, "जागिरे जीवनमा जे सँगालिएको छ, अवकासपछि सबैले आ-आफ्नो ठाउँमा लगाउने हो, भने निकै उपलब्धि हासिल हुनसक्छ ।" आफूले खेतीपाती मात्र नभएर टोल, बस्तीका गरिब परिवारका छोराछोरी पढाउन, स्वास्थ्य सचेतना बढाउन र पढेलेखेका युवालाई प्रतिस्पर्धामा उत्कृष्ट बन्न पनि अभिप्रेरित गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

"पछिल्लो एक वर्ष हाम्रो खेतीपाती मात्र नभएर पारिवारिक काम पनि सहजै पार लागिरहेका छन्", स्थानीय रामभगत महतोले भन्नुभयो, "एकजना बाटो देखाउने चाहिने रहेछ, हाम्रो पछिल्लो एक वर्ष अत्यन्त उत्साहप्रद रह्यो ।" दाहालको निरन्तरको प्रयासले सबै मिलेर काम गर्ने वातावरण बनेको उहाँले बताउनुभयो ।

यहाँ ब्राह्मण, क्षत्री, नेवार, थारु, घर्ती, कोइरी, विन (मलाह), चमार, कामीसहित इस्लाम धर्मावलम्बीको बसोबास छ। 'सबैको काममा सबै' भन्ने मान्यतालाई मनन गरेर लाग्दा काम सहज हुनुका साथै छिटो सम्पादन हुने महतोको अनुभव छ ।

"सरकारी सेवामा रहँदा कतिपय समयमा कृषि मन्त्रालयमा पनि काम गरेकाले जनसम्पर्कबाट सँगालेको अनुभव अवकासपछि व्यवहारमा लगाउँदै छु", दाहालले भन्नुभयो। सरकारी सेवामा रहँदाको अनुभवलाई अवकासपछिको जीवनमा आफ्नै बस्तीमा लगाउन पाउँदा सकारात्मक परिणाम आउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"कतिपय साथीलाई 'कुलिङ् पिरियड' ले तनाब दिइरहेको देख्छु", दाहालले भन्नुभयो, "जागिरे जीवनमा जे सँगालिएको छ, अवकासपछि सबैले आ-आफ्नो ठाउँमा लगाउने हो, भने निकै उपलब्धि हासिल हुनसक्छ।" आफूले खेतीपाती मात्र नभएर टोल, बस्तीका गरिब परिवारका छोराछोरी पढाउन, स्वास्थ्य सचेतना बढाउन र पढेलेखेका युवालाई प्रतिस्पर्धामा उत्कृष्ट बन्न पनि अभिप्रेरित गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

रामनगर बस्तीमा सिँचाइबिना रोपाँइ नभइरहेका बेला यो टोलमा सकिएको छ । बभनटोलीले बसाएका यो थिति सबैले अनुशरण गरे खेती गर्न सजिलो हुने भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साहले बताउनुभयो ।"कतिपय किसानले सिँचाइ, श्रमिक अभाव देखाउँदै खेत बाँझो राखिरहेका छन्", साहले भन्नुभयो, "यहाँ भने रोपाइँ सकियो ।" मिलेर काम गर्दा सजिलो हुनुका साथै उत्पादन पनि प्रशस्त हुने उहाँको भनाइ छ।

"सिँचाइ, कृषि, सडक र समयमा मलबीउको समस्या आएमा सिडियोसाबले समन्वय गर्नुहुन्छ । उहाँको अगुवाइमा ठाउँठाउँबाट सहयोग पाइएका छौँ", गुलाब महतोले भन्नुभयो, "उहाँ आफैँ पनि बीउ काढ्न, रोप्न लाग्नुहुन्छ । यसले हामीलाई मिलेर काम गर्न हौसला दिएको छ ।"

सबै कर्मचारीले अवकासपछि यसैगरी काममा लागे मुलुकको समृद्धि हासिल हुन बेर नलाग्ने भङ्गाहा-४ का पूर्ववडाध्यक्ष वृदेवसिंह दनुवारले बताउनुभयो । " दाहाललाई अचेल वरपरका जान्नेसुन्नेले 'खेती र कृषकका लागि रोलमोडल' भन्ने गरेका छन् । यो उहाँको निरन्तर प्रयासका कारण स्थापित बनेको नयाँ पहिचान हो", उहाँले भन्नुभयो ।रासस

# कोदो दिवस मनाइयो

काठमाण्डु । देशभर विभिन्न कार्यक्रमको आयोजना गरी 'कोदो दिवस-२०८२' मनाइएको छ। सो अवसरमा शुक्रबार भक्तपुरको चाँगुनारायण नगरपालिका-९ ताथलीमा भव्य रूपमा कोदो रोपेर दिवस मनाइएको हो ।

कोदोको महत्वलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारले यस वर्षदेखि साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने घोषणा गरेसँगै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, चाँगुनारायण नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ), राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल र एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्ट्स (अनाज)को संयुक्त पहलमा कार्यक्रम आयोजना गरिएको हो ।



समारोह कृषि विभागका महानिर्देशक तथा कोदो दिवस मूल समारोह समितिका अध्यक्ष प्रकाशकुमार सञ्जेलको अध्यक्षतामा, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो।

कार्यक्रममा एफएओ नेपालका प्रमुख केन सिमिजु, कृषि सचिवद्वय गोविन्द शर्मा र दीपक खराल, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा कृष्णप्रसाद तिम्सिना, चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्री, किसान नेता विजय लामा, कृषि विज्ञ, पत्रकार तथा सयौं स्थानीय कृषकको उपस्थिति थियो ।

समारोहलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले स्वस्थ रहनका लागि हरेक नेपालीले दैनिक एक छाक कोदोको परिकार खानुपर्ने बताउनुभयो। "हामी अहिले उपचार गर्न सक्छौँ, तर हाम्रो भविष्यको सन्तति रोगी भएर जन्मिन सक्छन्," मन्त्री अधिकारीले भने, "त्यसैले एक छाक कोदोको परिकार भान्सामा समावेश गर्नु स्वस्थ जीवनको सुनिश्चितता हो ।"

उहाँले कोदो खेतीलाई आयआर्जनसँग पनि जोड्न सकिने भएकाले यसको प्रवर्द्धनमा किसान, नीति निर्माता र सरोकारवाला एकजुट हुनुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष सञ्जेलले सरकारले कोदोलाई रणनीतिक बालीका रूपमा प्राथमिकता दिँदै दिवसको घोषणा गरेको बताउनुभयो । उहाँले कोदो प्रवर्द्धनमा सक्रिय भूमिका खेलेकोमा अनाज र राष्ट्रिय कृषक समूह महासङ्घलाई धन्यवाद दिनुभयो।

रैथाने बाली विज्ञ तथा मन्त्रालयका सह-सचिव डा रामकृष्ण श्रेष्ठले कोदोलाई जलवायु परिवर्तन-अनुकूल टिकाउ बालीका रूपमा प्रवर्द्धन गर्नु सरकारको ऐतिहासिक र दूरदर्शी निर्णय भएको बताउनुभयो । कोदो खाद्य सुरक्षाको आधार, पोषणको स्रोत र पर्यावरणमैत्री खेतीका हिसाबले पनि विशेष महत्व राख्ने उहाँको कथन छ।

कृषि सचिव शर्माले कोदोलाई हेपिएको बालीका रूपमा लिने मानसिकता रहेको भए पनि पछिल्लो समय यसको पोषणीय, पर्यावरणीय र आर्थिक मूल्यबारे जनचेतना बढ्दै गएको बताउनुभयो । "विश्वमै कोदो अब सर्वश्रेष्ठ अन्नका रूपमा स्वीकारिन थालेको छ," उहाँले भन्नुभयो ।

चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्रीले पहिलो राष्ट्रिय कोदो दिवस आफ्नो नगरमा आयोजना हुनु गौरवको विषय भएको उल्लेख गर्दै कोदोजस्ता परम्परागत बालीलाई नगरस्तरबाटै प्राथमिकता दिइने प्रतिबद्धता जनाउनुभयो ।

नार्कका कार्यकारी निर्देशक डा तिम्सिनाले कोदोको माग दिनप्रतिदिन बढिरहेको जनाउँदै बालीचक्रमा कोदोलाई समावेश गर्दै जानुपर्ने आवश्यकतामा जोड दिनुभयो।

कार्यक्रममा एफएओ नेपाल तथा भुटानका प्रमुख केन शिमिजुले कोदो बाली प्रवर्द्धनका लागि एफएओको सहयोग निरन्तर जारी रहेको बताउनुभयो । "सन् २०२३ मा संयुक्त राष्ट्रसङ्घले कोदोलाई अन्तरराष्ट्रिय बालीका रूपमा घोषणा गरेपछि हामी थप प्राथमिकताका साथ यसबारे काम गरिरहेका छौँ," उहाँले भन्नुभयो "नेपाल सरकारले कोदो दिवस घोषणा गर्नु खुशीको कुरा हो । एफएओले आगामी दिनमा पनि सहयोग र साथ निरन्तर दिनेछ ।"

स्थानीय कृषक तथा राष्ट्रिय कृषक समूह महासङ्घका बागमती प्रदेश अध्यक्ष लामाले पहिले हेपिएको कोदो अहिले धनी वर्गले खोजी खोजी खाने बालीमा परिणत भएको उल्लेख गर्दै चाँगुनारायण क्षेत्रमा यसको खेती घट्दै गएकाले पुनः प्राथमिकतामा राखेर खेती विस्तार गरिने बताउनुभयो।

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा दुई लाख २४ हजार ९३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरी तीन लाख ७३२ मेट्रिकटन उत्पादन भएको छ।

तथापि प्रति हेक्टर उत्पादकत्व भने एक दशमलव ३३ मेट्रिकटनमा सीमित छ । विज्ञका अनुसार सिँचाइ, उन्नत बीउ र प्रविधिको प्रयोगसँगै जनचेतना अभिवृद्धि गरिएमा कोदोको उत्पादन र उपयोग दुबैमा उल्लेखनीय वृद्धि सम्भव छ ।रासस

# सिरहा छोटी भन्सारको राजस्व सङ्कलनमा वृद्धि




सिरहा। जिल्लाको माडर मुख्य भन्सारअन्तर्गत पर्ने बरियारपट्टी छोटी भन्सारले पछिल्लो तीन आर्थिक वर्षमा राजस्व सङ्कलनमा उल्लेखनीय प्रगति गरेको छ।

आव २०७९/८० मा जम्मा रु १९ लाख ६६ हजार मात्रै राजस्व सङ्कलन गरेको यस भन्सार कार्यालयले आव २०८०/८१ मा रु ४६ लाख ५० हजार सङ्कलन गर्न सफल भएको थियो भने गत आव २०८१/८२ मा रु ७० लाख छ हजार राजस्व सङ्कलन गर्दै उल्लेखनीय वृद्धि देखाएको छ।

छोटी भन्सार कार्यालयका प्रमुख शम्भु केसीका अनुसार हाल मासिक सरदर रु छ लाख बराबरको राजस्व सङ्कलन भइरहेको छ। उहाँले भन्नुभयो, "सामान्यतः खाद्यान्न, किराना सामग्री, मेलापर्वका लागि आवश्यक सामग्री, खेलौना र सजावटका वस्तुहरू यो भन्सार नाका भएर आयात हुने गरेका छन्।"

राजस्व वृद्धिको पछाडि सीमावर्ती व्यापारिक गतिविधिको विस्तार, चेकपोइन्ट व्यवस्थापनमा सुधार र आयातकर्ताको सक्रियताजस्ता कारण रहेको प्रमुख केसीको भनाइ छ। भारतसँग सीमा जोडिएको सिरहा जिल्लामा यो छोटी भन्सारले गाउँस्तरको सस्तो तथा दैनिक प्रयोगका सामग्री भित्र्याउन सहजता प्रदान गर्दै आएको छ।

त्यस्तै, स्थानीय व्यवसायीहरूले भन्सारको सेवा प्रवाहमा भएको सुधार र सहज प्रक्रियाले व्यवसायमैत्री वातावरण बनाएको बताएका छन् । एक स्थानीय व्यापारी मुकेशकुमार यादवले भन्नुभयो, "पहिला सामान ल्याउँदा धेरै झन्झट थियो, अहिले प्रक्रिया छरितो छ र राजस्व बुझाएर सहजै सामग्री ल्याउन सकिन्छ।"

भन्सार प्रमुख केसीले आगामी महिनामा राजस्व सङ्कलन अझ बढ्ने विश्वास व्यक्त गर्नुभयो । "चाडपर्व नजिकिँदै छ, जसका कारण व्यापारिक गतिविधि झनै बढ्नेछ। त्यसअनुसार राजस्व सङ्कलन पनि उच्च हुने अपेक्षा गरेका छौँ," उहाँले भन्नुभयो। भारतसँग सिमाना जोडिएको यस जिल्लामा माडर र ठाडी गरी दुईवटा मूल भन्सार रहेका छन् भने एउटा छोटी भन्सार सञ्चालनमा रहेको छ ।रासस

# लहानमा ट्याङ्कीबाट खानेपानी वितरण सुरु

सिरहा ।यहाँको लहान नगरपालिका-२४ खेसराहा टोलमा खानेपानीको चरम अभाव भएपछि शुक्रबार साँझदेखि ट्याङ्कीबाट पानी वितरण सुरु गरिएको छ।



खासगरि उत्तरी भेगका बस्तीमा चापाकल सुकेपछि दैनिक उपभोगका लागि पानीको अभाव भोगिरहेका स्थानीयलाई लक्षित गर्दै बोलेरोमा पानीको ट्याङ्की बोकेर गाउँमै पुऱ्याएर वितरण गर्न थालिएको हो।

'विकन परियोजना' र ' वाटरएड' को सहयोगमा दलित जनकल्याण युवा क्लब लहानले खानेपानीको धारा जडान हुन बाँकी रहेका बस्तीमा लहान खानेपानी संस्थानसँग समन्वय गरेर दुई हजार लिटर क्षमताको ट्याङ्कीमार्फत पानी वितरण सुरु गरेको हो । नगरप्रमुख महेशप्रसाद चौधरीले स्वयं गाउँ पुगेर पानी वितरण गर्दै भन्नुभयो, "खानेपानी मानव जीवनको आधार हो । तीन महिनासम्म प्रत्येक व्यक्तिलाई दैनिक चार लिटर पानी निःशुल्क उपलब्ध गराइनेछ । आवश्यक परेको खण्डमा यो कार्यक्रम थप लम्ब्याउने तयारी गरिरहेका छौँ ।" नगरपालिकाले आगामी पाँच वर्षमा घरघरमा खानेपानीको धारा पुऱ्याउने योजना सार्वजनिक गरिसकेको उहाँले जानकारी दिनुभयो।

बस्तीमा करिब ६० घरपरिवार छन् । उनीहरूलाई गाग्री र बाल्टिनमा पानी भरिदिने व्यवस्था गरिएको छ । दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुङ्केले भन्नुभयो, "विकन परियोजनाले रु २० लाख विनियोजन गरिसकेको छ। लहान नगरपालिका र खानेपानी कार्यालयसँग समन्वय गर्दै तीन महिनासम्म यो काम निरन्तर गरिनेछ।"

स्थानीय पूर्णबहादुर सार्कीले पानी पाउँदा राहत मिलेको बताउनुभयो। "शुद्ध पिउने पानीले अहिले बाँच्ने आधार जस्तै भएको छ। तर, लुगा धुन, नुहाउन, गाईभैँसीलाई पानी खुवाउन अझै गाह्रो छ। त्यसका लागि आकाशे पानीको प्रतिक्षा गरिरहेका छौँ ।" खानेपानी सङ्कट लहान-१३, १५, १६, १७ र १८ वडामा देखिएको छ । नगरपालिकाले अब आवश्यकताअनुसार अन्य प्रभावित टोलमा पानी वितरण गर्ने योजना बनाएको छ।

खडेरीको असरले इनार, पोखरी, हाते कल, सिँचाइका मोटरहरू सबै सुक्न थालेका छन् । लहान-१३ का ६५ वर्षीय कृषक जगबीर यादव भन्छन्, "छ दशकमा यस्तो खडेरी देखिएको थिएन । सलहेस फूलबारी र सरस्वती खोला पनि सुकिसके ।" पानीको दीर्घकालीन समाधानका लागि चुरे संरक्षण अत्यावश्यक रहेको पर्यावरणविद् दिनेश यादवको भनाइ छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : घरायसी समस्या बढ्नेछ । अरुको विश्वास घट्नेछ ।
वृष : व्यावसायिक अल्झन देखापर्ला। कार्यमा उत्साह बढ्नेछ ।
मिथुन : रोकिएका अधुरा कामहरु पूरा हुनेछन् । साहित्यिक क्षेत्रमा प्रगति हुनेछ ।
कर्कट : सुखदुःखमा साथ दिनेहरु प्रशस्तै फेला पर्नेछन् ।
सिंह : आँटेका काम बन्नाले जोग जाँगर बढ्नेछ ।
कन्या : प्रतिभा प्रदर्शन गरेर धेरैलाई अचम्मित पार्न सकिनेछ ।
तुला : रोकिएका अधुरा कामहरु पूरा हुनेछन् भने नयाँ काम शुरु गर्ने योग रहेको छ।
वृश्चिक : घरायसी काममा रुची बढ्नेछ। अरुको विश्वास सजिलै जित्न सकिन्छ ।
धनु : धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसिक चिन्तन एवं पराक्रम बढ्नेछ ।
मकर : आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। काममा विभिन्न अवसर पाइनेछ।
कुम्भ: फाइदा हुने काम प्राप्त हुन सक्छ ।
मीन : अध्ययन अध्यापनमा प्रगति हुनेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, र ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव शनिबार राष्ट्रिय गौरवको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको स्थलगत अवलोकन गर्नुहुँदै । *तस्बिर : अमरेन्द्रकुमार यादव*

# अग्रज र सहिदका सङ्कल्प पूरा गर्न दृढताका साथ लाग्नुपर्छः प्रधानमन्त्री

ललितपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले वाम-लोकतान्त्रिक आन्दोलनका अग्रज र सहिदका सङ्कल्पलाई पूरा गर्न दृढताका साथ लाग्नुपर्ने बताउनुभएको छ ।

तुल्सीलाल स्मृति प्रतिष्ठानद्वारा शनिबार आयोजित २८औँ तुल्सीलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले देशभक्तिपूर्ण आन्दोलन र समृद्धिको सपना पूरा गर्न आजको पुस्ता दृढताका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभएको हो ।

नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले तुल्सीलालले निष्ठा र त्यागको राजनीतिका आधारमा देखाएको आदर्शलाई



पछ्याउँदै अघि बढ्ने सङ्कल्प गर्नुपरेको बताउनुभयो । उहाँले संविधानसभाबाट गणतन्त्र ल्याउने अग्रजहरुको लामो समयदेखिको दूरदृष्टिकै आधारमा संविधानसभालेनेपालकोसंविधान बनाएको स्मरण गर्नुभयो ।

कार्यक्रममा प्रतिष्ठानद्वारा सञ्चालित काठमाडौँउपत्यकाव्यापीमाध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताका विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो भने प्रा श्यामसुन्दर शेर्पाको बुद्धका विचारसम्बन्धी पुस्तक विमोचन गरिएको थियो ।रासस

# विदेशीको ग्रहदशा कटाउन नेपालबाट यज्ञ



काठमाण्डु । वैदिकविधि अनुसार विदेशीमा रहेकाको ग्रहदशा कटाउन ज्योतिषीको सल्लाह अनुसार नेपालमा दैनिक यज्ञ सञ्चालन भइरहेको छ। दक्षिणकाली नगरपालिका-१ बोसनस्थित ब्रह्मानन्द सरस्वती ग्राममा एक दशकअघिदेखि यस्तो यज्ञ भइरहेको हो।

नेपाल महर्षि फाउन्डेसन फर वैदिक कल्चरले विदेशबाट अनलाइन माध्यमबाट आउने अनुरोधको यज्ञ गराउँदै आइएको शनिबार आयोजित धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन)सँगको अन्तरक्रियामा जानकारी गराइएको हो ।

फाउन्डेसनको कार्यालय सिफलमा हुँदादेखि यस्तो यज्ञ आयोजना हुँदै आएकामा चम्पादेवीमा आफ्नै भवन निर्माण गरी सरेपछि पनि यसलाई निरन्तरता दिइएको संस्थाका अध्यक्ष एवं पूर्व गृह राज्यमन्त्री दीपकप्रकाश बाँस्कोटाले जानकारी दिनुभयो । उहाँका अनुसार दुई महिनादेखि जर्मनीको शान्तिको सङ्कल्पले ५१ जना वैदिक पण्डितबाट यज्ञ गराइरहेको हो ।

आद्य शङ्कराचार्यले स्थापना गर्नुभएका चार मठमध्ये ज्योर्तिमठका शङ्कराचार्य ब्रह्मानन्द सरस्वतीका चेला महर्षि महेश योगीका जर्मनस्थित भक्तको सहयोगमा त्यहाँको शान्तिको सङ्कल्प गर्दै यज्ञ भइरहेको बाँस्कोटाले उल्लेख गर्नुभयो। “यज्ञमा ५१ जना पण्डित दुई महिनादेखि पूजापाठ, जपलगायत कर्म गरिरहेका छन् भने अन्य विदेशीको पनि यज्ञ भइरहेको छ । ब्रह्मानन्द सरस्वती ग्राममा हाल १८१ पण्डितले यज्ञ गरिरहेका हुन्”, उहाँले भन्नुभयो ।

युरोप र अमेरिकाका महर्षिका अन्य भक्तले ज्योतिषीले दिएको सल्लाहअनुसार नेपाली पण्डितबाट यज्ञ हुँदै आएको जनाउँदै उहाँले यहाँ यज्ञ गर्ने पण्डितले बिहान नित्य कर्म सकेर भावातित् ध्यानपश्चात् यज्ञ गर्ने भएकाले यस्तो यज्ञ प्रभावकारी हुने वैज्ञानिक अनुसन्धानले पुष्टि गरेको बताउनुभयो ।महर्षि महेश योगीले भावातित् ध्यान र यज्ञमा उच्चारण हुने वैदिक मन्त्रले कसरी प्रभाव पार्छ भनी वैज्ञानिक अनुसन्धान गराउनुभएको थियो । ब्रह्मानन्द सरस्वती ग्राम २६ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

यहाँ बनाइएका भवन एवं यज्ञशाला स्थापत्यवेदको वास्तुशास्त्रका ग्रन्थमा उल्लेख गरिएको नियम पालना गरी बनाएका वास्तुशास्त्री शिवप्रसाद पोखरेलले बताउनुभयो । उहाँका अनुसार भौगोलिक वास्तु अनुसार पनि पूर्व र उत्तर भिरालो रहेको, पश्चिम र दक्षिणतर्फ अग्लो रहेको यो भूभाग पवित्र मानिने र यस्ता स्थलमा गरिएको यज्ञलगायत कर्म सफल हुने वास्तुशास्त्रीय ग्रन्थहरूमा वर्णन गरिएको छ ।

ग्राममा गौशाला पनि स्थापना गरी तीन वटा गाई पालिएको छ। यज्ञका लागि गाईको दूध, दही, घ्यू, गहुँत र गोबर यहाँ पालिएका गाईबाट प्राप्त हुने गरेको संस्थाका अध्यक्ष बाँस्कोटाले जानकारी दिनुभयो । उहाँका अनुसार गौशालासँगै फाउन्डेसनले १५ रोपनी जग्गा भाडामा लिएर वैदिक खेती पनि गरिरहेको छ । “जहाँ विषादी प्रयोग गरिँदैन। गाईको मल हाल्ने गरिएको छ। यहाँ उत्पादित तरकारी विषादीरहित हुन्छन्”, उहाँले भन्नुभयो ।

अन्तरक्रियामा फाउन्डेसनका अध्यक्ष बाँस्कोटाले धर्म, संस्कृतिलगायत सकारात्मक विषयको पत्रकारिता कम भइरहेका बेला स्थापना भएको विधागत पत्रकारको संस्था धार्मिक, सांस्कृतिक पत्रकार समाजले उदाहरणीय काम गरेर देखाउनुपर्नेमा जोड दिनुभयो। धार्मिक, सांस्कृतिक पत्रकारले शुद्धीकरण आफैँबाट गर्न नियमित बिहान, बेलुका ध्यान गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष उमीद बागचन्दले अहिले समाजमा सकारात्मक पत्रकारिता आवश्कता रहेको बताउँदै त्यसको नेतृत्व धार्मिक, सांस्कृतिक विधाका पत्रकारले गर्नसक्ने धारणा राख्नुभयो । यसका लागि ठूला सञ्चार गृहमा धार्मिक, सांस्कृतिक पत्रकारको संस्था पुग्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारीले नेपाल ऋषिमुनिको देश भए पनि कताकता केके नमिलेजस्तो अवस्था रहेकाले ती विषयमा रेक्जोन र सम्बन्धित संस्थाको अग्रसरतामा बहस गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले फाउन्डेसनजस्तै धर्म, संस्कृतिको क्षेत्रमा काम गर्ने ।रासस

# नेपालको वस्तु निर्यात : भटमास तेल ११ हजार र सूर्यमुखी तेल सात हजार प्रतिशतले बढ्यो

काठमाण्डु । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालले निर्यात गरेका वस्तुमा भटमास तेलको हिस्सा सबैभन्दा धेरै छ । फलामजन्य वस्तु र धागोपछि बढी निर्यात भएका वस्तुको चौथो स्थानमा सूर्यमुखी तेल छ। नेपालको आफ्नै उत्पादन नभइ बाहिरबाट आयात गरेर प्रशोधन र प्याकेजिङ गरी निर्यात भइरहेका यी वस्तुको आयात र निर्यात गत आर्थिक वर्षमा अस्वभाविक रूपमा बढेको देखिएको छ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार गत आवमा भटमास तेलको निर्यात ११ हजार सात सय ३२ प्रतिशतले बढेको छ। नेपालले गतवर्ष गरेको कूल निर्यातमा भटमास तेलको हिस्सा मात्रै ३८ दशमलव ५ प्रतिशत छ। कुल रू दुई खर्ब ७७ अर्बको निर्यात गर्दा भटमास तेलको हिस्सा मात्रै रू एक खर्ब छ अर्ब ७९ करोड बराबर छ। “समीक्षा अवधिमा भटमासको तेलको निर्यातमा ११ हजार ७३३ प्रतिशतले वृद्धि भई रू एक खर्ब छ अर्ब ७९ करोड पुगेको छ । फलाम तथा फलामजन्य उत्पादनको निर्यातमा छ दशमलव ०१ प्रतिशतले ह्रास आई रु १६ अर्ब ३६ करोडमा झरेको छ”, केन्द्रले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापार वस्तुस्थिति प्रतिवेदनमा भनिएको छ।

यस्तै, सूर्यमुखी तेलको निर्यातमा सात हजार ४३६ प्रतिशतले वृद्धि भई रु १२ अर्ब ३३ करोड पुगेको पनि प्रतिवेदनमा उल्लेख छ। केन्द्रका अनुसार गत आवमा धागोको निर्यातमा १९ दशमलव ८५ प्रतिशतले वृद्धि भई रु १४ अर्ब ४० करोड पुगेको छ। ऊनी गलैँचाको निर्यातमा पनि एक दशमलव ९३ प्रतिशतले वृद्धि भई रु १० अर्ब ७८ करोड पुगेको छ । विदेशबाट कच्चा र अर्धप्रशोधित आयात गरेर सामान्य मूल्य अभिवृद्धिपछि निर्यात भइरहेका वस्तुको हिस्सा बढ्दै जाँदा नेपालका आफ्नै उत्पादनमा निर्यात भने अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको देखिएको छ।

“तयारी पोसाकको निर्यातमा दुई दशमलव ३९ प्रतिशतले ह्रास आई रु आठ अर्ब ७५ करोडमा सीमित भएको छ



भने प्लाइउडको निर्यातमा चार दशमलव २६ प्रतिशतले ह्रास आई रु सात अर्ब ० ९ करोड पुगेको छ”, केन्द्रको प्रतिवेदनमा भनिएको छ, “कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अलैँचीको निर्यातमा तीन दशमलव २४ प्रतिशतले ह्रास आई रु सात अर्ब ६८ करोड पुगेको छ ।” जुसको निकासीमा ११ दशमलव ४१ प्रतिशतले ह्रास आई रु सात अर्ब ७२ करोडमा झरेको छ भने अदुवाको निर्यातमा ५० दशमलव ३८ ले ह्रास आई रु ५८ करोडमा सीमित भएको छ।

केन्द्रका अनुसार गत आर्थिक वर्षमा जुट तथा जुटका उत्पादनको निर्यातमा १६ दशमलव ८१ प्रतिशतले वृद्धि भई रु आठ अर्ब २३ करोड पुगेको भएको छ। यस्तै, ऊनी फेल्टको निकासीमा ७१६ प्रतिशतले बढेर रू पाँच अर्ब १४ करोड पुगेको छ। यसैगरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि २६ दशमलव ६४ प्रतिशतले वृद्धि भई रू चार अर्ब ५९ करोड पुगेको छ। पिना (आयल केक) को निर्यातमा २२ दशमलव ८० प्रतिशतले वृद्धि भई रू तीन अर्ब ६३ करोड पुगेको केन्द्रले जनाएको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा गत आर्थिक वर्षमा मात्रै ११७ दशमलव ८ प्रतिशतले वृद्धि भई रू दुई खर्ब २४ अर्ब ६८ करोड पुगेको छ । नेपालको कूल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६७ दशमलव ७१ प्रतिशत रहेकामा गत आवमा सो हिस्सा ८१ दशमलव १० प्रतिशत पुगेको छ । नेपालको निर्यात व्यापारमा महत्त्वपूर्ण रहेका अन्य मुलुकमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, युएई, चीन, फ्रान्स, अष्ट्रेलिया, जापान, इटाली, क्यानडा, टर्की, नेदरलेण्ड्स र अफगानिस्तान प्रमुख रुपमा रहेका छन् ।

यसैगरी आयाततर्फ पनि सबैभन्दा बढी वृद्धि देखिएको वस्तुमा कच्चा भटमास तेल पहिलो स्थानमा छ । गत आवमा कच्चा भटमास तेलको आयातमा ७११ दशमलप ९६ प्रतिशतले वृद्धि भई रु एक खर्ब आठ अर्ब ९५ करोड पुगेको छ।

गत आवमा अघिल्लो आर्थिक वर्षको तुलनामा पेट्रोलियम पदार्थको आयातमा चार दशमलव २९ प्रतिशतले ह्रास आई रु दुई खर्ब ८७ अर्ब ६५ करोडमा झरेको छ। फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा १० दशमलव १८ प्रतिशतले वृद्धि भई रु एक खर्ब ६२ अर्ब ५० करोड पुगेको छ । मेसिनरी तथा पाटपुर्जाको आयातमा १२ दशमलव ९८ प्रतिशतले वृद्धि भई रु एक खर्ब २४ अर्ब १५ अर्ब पुगेको छ।

यस्तै, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामग्रीको आयातमा पाँच दशमलव ६८ प्रतिशतले वृद्धि भई रु ७३ अर्ब ८८ करोड, यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा २७ दशमलव २६ प्रतिशतले वृद्धि भई रु एक खर्ब नौ अर्ब १२ करोड पुगेको छ। कच्चा पाम तेलको आयातमा भने ३५ दशमलव ६८ प्रतिशतले ह्रास आई रु छ अर्ब ८२ करोडमा सीमित भएको छ।

यसैगरी, गत आर्थिक वर्षमा अन्नको आयातमा ३२ दशमलव ७२ प्रतिशतले वृद्धि भई रु ६० दशमलव ७८ अर्ब पुगेको छ भने तयारी पोसाकको आयातमा १६ दशमलव ७९ प्रतिशतले वृद्धि भई रु ४१ अर्ब पुगेको छ। गत आवमा रू ४३ अर्ब ०८ करोड बराबरको दूरसञ्चारका सामग्री र रू १९ अर्ब ९५ करोड बराबरको सुन आयात भएको पनि केन्द्रले जनाएको छ। नेपालको पैठारी व्यापारमा प्रमुख स्थानमा रहेका मुलुकहरुमा भारत, चीन, अर्जेन्टिना, संयुक्त राज्य अमेरिका, युएई, युक्रेन, अष्ट्रेलिया, इण्डोनेसिया, थाइलेन्ड, मलेशिया, ब्राजिल, फ्रान्स, कतार र क्यानडा प्रमुख रुपमा रहेका छन् ।

केन्द्रको तथ्याङ्कअनुसार गत आवमा नेपालको कुल वैदेशिक व्यापार (वस्तुतर्फ) अघिल्लो वर्ष २०८०/८१ को तुलनामा १९ दशमलव दुई प्रतिशतले वृद्धि भई रु २० खर्ब ८१ अर्ब १५ करोड पुगेको छ । कुल व्यापारमा निकासीको योगदान १३ दशमलव तीन प्रतिशत र पैठारीको योगदान ८६ दशमलव सात प्रतिशत रहेको छ । भटमास र सूर्यमुखी तेल निर्यात बढ्दा गत आवमा नेपालको कूल निकासी ८१ दशमलव ८ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ७७ अर्ब तीन तीन करोड पुगेको छ। त्यस्तै, गत आवमा नेपालले कुल रू १८ खर्ब चार अर्ब १२ करोड बराबरको वस्तु आयात गरेको छ। अघिल्लो आवको तुलनामा गत आवमा निकासी र पैठारी दुवैमा वृद्धि हुँदा व्यापारघाटामा छ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु १५ खर्ब २७ अर्ब नौ करोड पुगेको केन्द्रले जनाएको छ ।रासस

# काठमाडौँमा नेपाल-चीनबीचको संयुक्त कला प्रदर्शनी सुरु

काठमाण्डु । नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औँ वर्ष पुगेको अवसरमा शनिबारदेखि काठमाडौँमा संयुक्त कला प्रदर्शनी सुरु भएको छ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, सिल्क रोड सिटिज अलाइन्स तथा चाइना कल्चर सेन्टर नेपालको संयुक्त आयोजनामा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्सालमा सुरु भएको कला प्रदर्शनीको पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइराला र नेपालका लागि चीनका राजदूत छन सोङले उद्घाटन गर्नुभयो ।




कार्यक्रममा पूर्वमन्त्री कोइरालाले यस प्रदर्शनीले राजनीतिकबाहेक दुई देशका जनताबीचको अन्तरहृदय जोड्ने बताउनुभयो । उहाँले भन्नुभयो, “यस प्रदर्शनीले कला र संस्कृतिलाई जोड्ने मात्र नभइ दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ र आत्मिय बनाउन मद्दत गर्नेछ ।”

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको अवसरमा आयोजित कला प्रदर्शनीले सांस्कृतिक तथा कूटनीति सम्बन्ध प्रगाढ बनाउन सहयोगी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले कला केवल सौन्दर्य अभिव्यक्त गर्ने माध्यम मात्र नभइ एकताबद्ध गर्ने एउटा पुलका रूपमा भएको धारणा राख्नुभयो ।

चीनका राजदूत सोङले नेपाल-चीनसम्बन्ध आपसी सम्मान, सहयोग र साझेदारीमा आधारित रहेको बताउनुभयो । उहाँले दुई देशका कलाकारलाई एउटै मञ्चमा देख्न पाउँदा आफूलाई खुसी लागेको उल्लेख गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नभयो ।

प्रदर्शनीमा कुलपति हार्तम्छालीसहित पूर्वकुलपतिहरू किरण मानन्धर, केके कर्माचार्य, उपकुलपति लालकाजी लामा, प्राज्ञपरिषद् सदस्य प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, सञ्जय वान्तवा, अरुणा हिङ्माङलगायत कलाकारका कलाकृति प्रदर्शनीमा राखिएको छ। रासस

# आयोगद्वारा पीडित र सरोकारवालासँग परामर्श


काठमाण्डु । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगले पीडितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सत्य तथा न्याय सुनिश्चित गर्न दृढ रहने प्रतिबद्धता जनाएको छ ।

सो आयोगसम्बन्धी ऐन, २०७१ मा भएको तेस्रो संशोधनअनुरूप नियमावली तयार गर्न पीडित र सरोकारवालासँग आयोगले परामर्श गरेको थियो ।

उक्त कार्यक्रममा सरोकारवालालाई केन्द्रमा राखी उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

आयोगले पूर्वपदाधिकारी, पूर्वसचिव, बेपत्ता पारिएका व्यक्तिका परिवार, सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सरोकारवालासँग परामर्श लिएको थियो ।


परामर्शमा मुख्यतः आयोगमा रहने इकाइ, त्यसमा रहने विषय विज्ञ, सत्य अन्वेषण, छानबिन तथा अनुसन्धानका व्यवस्था, परिपूरण, मनोसामाजिक परामर्श, सुरक्षा, गोपनीयतासँग सम्बन्धित व्यावहारिक चुनौती तथा अवसरका बारेमा सुझाव प्राप्त भएको




आयोगका सदस्य एवं प्रवक्ता सिर्जना पोखरेलले जानकारी दिनुभयो ।

विगतका कानुनी एवं व्यावहारिक चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका बारेमा विस्तृत छलफल भएको आयोगले जनाएको छ। ऐनमा भएको तेस्रो संशोधनअनुसार तयार गरिएको आयोगको नियमावलीमा प्राप्त सुझावले कार्य सञ्चालनलाई विधिसम्मत बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्राप्त सुझावलाई नियमावलीको प्रारम्भिक मस्यौदामा समावेश गरी सरकारसमक्ष परामर्श दिने प्रतिबद्धता जनाइएको पनि उहाँले बताउनुभयो । सो सुझावले पीडित मैत्री किसिमले सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन कोशेढुङ्गा साबित हुने अपेक्षा आयोगको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनतालाई बिर्सेको जनमत

सरकार बाहिर रहँदा किसानको समस्यालाई लिएर सडक संघर्ष गरेको जनमत पार्टी सरकारको नेतृत्व गरिरहँदा किसानहरुको समस्यालाई पूर्ण रुपमा बेवास्ता गरेको छ । मधेश प्रदेशलाई प्रदेश र संघीय सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । तर साउनको १७ गते बितिसक्दा पनि सरकारले किसानलाई राहत हुने कार्यक्रमहरु ल्याउन सकेको छैन । मधेश प्रदेश सरकारले आम नागरिकलाई पिउने पानी समेत उपलब्ध गराउन सकेको छैन । किसानहरुको खेतमा धँजा फाटेर रोपिएको धान जलिरहेको छ । थप रोपाइँ हुन सकिरहेको छैन । साउन महिनाको १५ गतेसम्म धान रोपाइँको काम अन्तिम चरणमा हुनुपर्ने थियो । तर समग्रमा मधेश प्रदेशमा आधी रोपाइँ पनि हुन सकेको छैन । भएको रोपाइँ पनि उपलब्धिमूलक हुने सम्भावना छैन । किसानको हितका लागि कुनै बेला सडकमा उत्रेको जनमत पार्टी सरकारमा पुगेपछि कमिसनलाई उच्च प्राथमिकतामा राखेको छ । किसानको समस्यालाई बेवास्ता गरेपछि मधेश प्रदेशको प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपाल लगायतका विपक्षी दलहरुले सरकारको ध्यानाकर्षण गराएको छ। दुईवटा रेडबुक बनाएर लोकतान्त्रिक मूल्य र मान्यताको धज्जी उडाएको सरकारले किसानको समस्यालाई समाधान गर्न चासो देखाएको छैन । देशका प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा ५ सय वटा डिप बोरिंग गर्ने घोषणा गरेपनि त्यसको सुरुवात हुन सकेको छैन । समय बितिरहेको छ । किसानको आँखामा निद्रा लाग्न छाडेको छ । भुख, प्यास हराएको छ । सरकार कमिसन आउने बाहेकको कामलाई ध्यान दिएको छैन । विपक्षी दलहरुले पनि सरकारलाई ध्यानाकर्षण गराउन ज्ञापन बुझाएर आफनो धर्म निर्वाह गरेको छ । अहिलेको अवस्थामा सरकार र विपक्ष मिलेर किसानको समस्यालाई समाधानका लागि हरसम्भव प्रयास गर्नुपर्ने थियो । किसानको समस्या समाधानमा मधेश प्रदेश सरकारको सबै संयन्त्र परिचालन हुनुपर्ने थियो । मुख्यमन्त्री नै भाषण गर्न रमाईरहेकाले किसानको समस्या सरकारको प्राथमिकतामा परेको छैन । चालु आर्थिक वर्षमा पनि सरकारको बजेट कंक्रिट ढलानमा प्राथमिकता पाएको छ । किसानको खेतमा पानी पुर्‍याउने सतह सिचाइँको लागि सरकारले बजेटमा शीर्षक नै राखेको छैन । मधेश प्रदेशमा सतह सिचाइँको लागि प्रयाप्त सम्भावना छैन । तर प्रयास गरे १२ महिना नै सिचाइँ हुन कठिनाइ पनि हुने छैन । सुनकोशी कमला डाइभर्सन बनाएर मधेश प्रदेशमा सिचाइँको सुविधा पुर्‍याउन सकिन्छ । बागमती, नारायणी सिचाइँ योजनालाई प्रभावकारी बनाएर थप सिचाइँ गर्न सकिन्छ । तर त्यसतर्फ सरकारले ध्यान नै दिएको छैन । खहरे खोलाहरुमा समेत ड्याम बनाएर सिचाइँको व्यवस्था गर्न सकिन्छ । जनतालाई नै बिर्सेर कमिसनमा लिप्त भएको जनमत सरकारको कारण किसानहरु समस्यामा परेका छन् । यस तर्फ ध्यान दिन आवश्यक छ ।

# शिब मन्दिरका लागि भीषण युद्ध



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

थाईलेण्ड र कम्बोडिया एक प्राचीन शिब मन्दिरका लागि भीषण युद्धमा होमिए । दुई बुद्धधर्म देश एकापसमा युद्धमा होमिएको खवरले विश्व जगत अचम्भित छन् । कम्बोडियामा एतिहासिक शिब मन्दिरको चर्चा चुँलिएपछि सो मन्दिरको प्राचीन इतिहास जान्ने ईच्छा जागृत गराएको छ ।

विश्वकै पर्यटकलाई आकर्षित पार्ने सो भव्य शिव मन्दिरको नाम 'प्रीह विहीहर' हो । कम्बोडियालीले प्रशतम युन थोम(उचबकबत त्व ःगभल त्जक) अर्थात, 'टेम्पल आँफ गाँड फादर'को रुपमा भगवान शिवप्रति गहिँरो आस्था प्रकट गर्छन् । युनेस्कोद्वारा सन् २००८मा विश्व धरोहरको रुपमा सूचिकृत गरिएको छ । थाईलेण्डले विगत एकसय बीस बर्षदेखि उक्त मन्दिरमाथि कब्जागर्न प्रयासरत् छन् । यसअघि पनि युद्ध लडेका छन् । मन्दिरको आधिपत्यको विषय अन्तर्राष्ट्रिय अदालतमा पुग्यो । अदालतको निर्णयपछि उक्त मन्दिरमाथि कम्बोडियाको बर्चस्व कायम भयो ।

वस्तुतः नेपाल र भारतलाई हिन्दु धर्मालम्बीको देशको रुपमा विश्ज जगतले चिन्छन् । यि दुवै मुलुकबाट पाँच हजार किलोमिटर टाढा ति दक्षिण पूर्व एशियाका ति देशहरुमा हिन्दुधर्मको प्रभाव कसरी फैलियो भन्ने तथ्य जान्ने मनमा कौंतुहलता हुनु स्वभाविक हो । विभिन्न इतिहासको आधारमा ति दुवै मुलुकमा पहिलो शताब्दीदेखि नै हिन्दुधर्मको प्रभाव देखिन्छ । त्यसको सवैभन्दा वलियो आधार दुवै मुलुकको नाम र पहिचान हिन्दुदेवी देउता र संस्कृत भाषा एवम् संस्कृतिमा आधारित रहेको पुष्टि हुन्छ । थाईलेण्ड र कम्बोडियामा एतिहासिक भव्य शिब, विष्णु र राम मन्दिरहरु पहिचानको रुपमा स्थापित छन् । पन्द्रह सय बर्ष पहिले ति मुलुकहरु हिन्दुधर्मप्रति गहिरो प्रभाव राखेको देखिन्छ । हिन्दुधर्मको प्रभाव निस्तेज हुनु र बुद्ध धर्मको उदयको सम्बन्धमा जानकारीका लागि सो समयको इतिहासका पन्ना पल्टाउनुपर्छ ।

**नाममै हिन्दुत्व**

कम्बोडियाको नामाकरणको चर्चा गरौं । इतिहास र दन्त्यकथाको आधारमा कम्बुज वा कम्बोज शब्दबाट ' कम्बोडिया' सो देशको नाम रहन गएको देखिन्छ । कम्बुज वंशका एक क्षेत्री राजाको नामबाट कम्बोडिया नामाकरण भएको इतिहासमा उल्लेख छ । कम्बोडियामा छैटो शताब्दीदेखि बाह्रो शताब्दीसम्म राष्ट्रिय भाषा संस्कृत थियो । त्यो वेला जग्गा जमीनको खरिद विक्री संस्कृतमै हुन्थ्यो । त्यो अहिलेपनि शिलालेख र अभिलेखमा सुरक्षित छन् । यस सन्दर्भमा, भक्ति कोन्तेया आफ्नो एतिहासिक पुस्तक रुपरेखामा गहिरो अनुसन्धानपछि सन् १२५० सम्म कम्बोडियाका शिलालेखहरु संस्कृत भाषामैं लेखिएको पाइएको उल्लेख गरेका छन् ।

कम्बोडियामा पहिलो शताब्दीदेखि छैटौं शताब्दीसम्म फुनानले शासन गरेको थियो । सो बेलादेखि हिन्दुधर्मको प्रभाव थियो । प्राचीन दन्त्यकथा अनुसार, आर्यदेशका राजा कम्बु स्वयांभुवले सो क्षेत्रमा शासन शुभारम्भ गरेका थिए । भनिन्छ, भगवान शिबको प्रेरणाले उनी सो क्षेत्रमा आएका थिए र नागराजको सहयोग लिएर जङ्गल र मरुभूमिको सरसफाई गरी बस्ती बसाएका थिए । कम्बोडियामा भगवान विष्णुको विश्वमै सवैभन्दा ठूलो मन्दिर छन् । कम्बोडियालीहरु बढी विष्णु र शिवको पूजा गर्दथे ।

अर्को थाइलेण्डको पुरानो नाम 'सियामदेश' हो । अर्थात, भगवान राम र सीताको नाम सीतारामबाट सियाराम हुँदै 'सियाम' देश नाम रहन गयो । सन् १९३९मा सियाम देशको ठाउँमा थाईलेण्ड नामाकरण गरियो । थाई भन्नाले स्वतन्त्र लेन्डको अर्थभूमि 'स्वतन्त्र भूमि' । धेरै व्यक्तिलाई जानकारी नहोला कि थाइलेण्डका जनताले आफ्ना राजालाई भगवान विष्णुका अवतार भगवान रामको वंशज मानेर भगवानकै रुपमा सम्मान प्रकट गर्छन् ।


थाईलेण्डको चक्री वंशका वर्तमान राजा महा वजिरालोंगकोर्न हुन् । जसलाई राजा 'राम दशम' नामले सम्मान गरिन्छ । थाइलेण्डका राजालाई "राम" भनेर सम्बोधन गर्नु एक एतिहासिक धार्मिक परम्परा स्थापित भएको छ, जो थाईलेण्डका जनताले भगवान राम र रामायणप्रति श्रद्धाको रुपमा हेरिन्छ । थाइलेण्डको रामायण राष्ट्रिय ग्रन्थ र गरुड राष्ट्रिय प्रतीक हो । रामायणमा आधारित 'राम लीला' राष्ट्रिय महोत्सवको रुपमा मनाउने परम्परा अहिलेपनि कायम छ । थाइलेण्डको प्राचीन शहर अयुत्थया, जसलाई भगवान रामको जन्मभूमि अयोध्यासँग जोडिन्छ । पन्द्रहौं शताब्दीमा थाइलेण्ड अर्थात सियामको राजधानी अयुत्थया शहर थियो । सन् १७६७ मा बर्मा अहिलेका म्यांमारका सैनिकले सो शहरमा आक्रमण गरी तहसनहस गर्दै भगवान रामसहित सयौं देवीदेउताको मूर्तिहरु क्षति गरेको थियो । । चीनको सैनिकले बर्मामा प्रवेश गरेपछि मात्र बर्माका सैनिक थाइलेण्ड छोडेका थिए । त्यसपछि, थाइलेण्ड चक्री वंशको उदय भयो । सो वंशका प्रथम राजाले आफूलाई भगवानको रामको वंशज रहेको घोषणा गर्‍यो । उनलाई प्रथम राजा "राम" भनेर सम्बोधन गरिन्छ । त्यसपछि, क्रमिक रुपमा अहिले दसौं राजाको रुपमा वजिरालोंगकोर्न विराजमान छन् । थाइलेण्डको राजधानी बैकाँकको अन्तर्राष्ट्रिय विमानस्थलमा देउता र असुरहरु गरेका समुद्रमन्थनका दृश्य बडो कलात्मक एवम् आकर्षक ढङ्गले चित्रण गरिएको छ । यसबाट स्पष्ट हुन्छ कि बुद्धधर्ममा परिवर्तित भएपनि आफ्ना पूर्खाको धर्मप्रति थाइलेण्डवासीमा आस्था छ भन्ने पुष्टि हुन्छ ।

**शिब मन्दिरको इतिहास**

कम्बोडियाका खमेर राजवंशका हिन्दु सम्राट सुर्यबर्मन द्वितीयले एघारहौं शताब्दीमा ओडार मीचेई क्षेत्रस्थित पहाडी चट्टानको ५२५ मिटरको उचाईमा अङ्गकोर शैलीमा भव्य शिब मन्दिर निर्माण गरेका थिए । सो समय कम्बोडियामा सनातन धर्मको प्रभाव थियो । पूर्वदेखि पश्चिम दिशामा फैलिएको मन्दिरको पाँच स्तरमा निर्माण गरिएको छ । खमेर राजवंशको समयमा अनुपम वास्तुकलाको उपयोग गरिएको छ । सो भव्य मन्दिरको चारैतिर सुन्दर प्राकृतिक दृश्य छन् । मन्दिरमा उत्कृष्ट वास्तुकलाले पर्यटकलाई बढी आकर्षित गर्छन् । उक्त मन्दिरमा शिवलिङ्ग र अर्को नन्दीमाथि महादेव सवार मूर्ति छन् । समुद्रमन्थनका दृश्य र गरुडमाथि विष्णु सवार मूर्तिहरु अनुपम वास्तुकला उच्चतम् श्रेणीका छन् । यसका साथै नागमूर्ति शिबसँग जोडिएका चिह्नहरु सहजै देखिन्छ । सो समयमा शिबप्रति कम्बोडियावासी परेका अमिट छापको प्रभाव कुनै न कुनै रुपमा जीवन्त छन् । अहिलेपनि सो मन्दिरमा नजिकको सोमसूत्र नदीबाट जल ल्याएर शिबको अभिषेक र पुजापाठ भइरहेका छन् । सो समयमा मन्दिरहरु कम्बोडियाका विभिन्न ठाउँमा भगवान विष्णुलगायतका मन्दिर निर्माण गरेका थिए ।

**को थिए ख्मेर ?**

तेस्रो शताब्दीमा कम्बोजको प्रथम एतिहासिक राजवंशका संस्थापक श्रुतवर्मन थिए । जसले फुनानको आधिपत्यबाट कम्बोजलाई मुक्त गरेका थिए । उनको पुत्र श्रेष्ठवर्मनको नामक राजधानी स्थापना गर्‍यो । जो अहिले लाओस देशको वाटफु पहाडमा खण्डहरको रुपमा परिणत भइसकेका छन् । त्यसपछि, भववर्मन राजा भए । उनको वैवाहिक सम्बन्ध फुनानसँग पनि थियो । त्यसकारण, उनले नयाँ राजवंश अर्थात 'ख्मेर वंश' भन्न थाल्यो ।



दक्षिण पूर्व एशियाको कम्बोडिया, लाओस, थाइलेण्ड र वियतनामको केही भागसम्म खमेर साम्राज्य फैलिएको थियो । खमेरले सन् ८०२ देखि सन् १४३१ सम्म सो क्षेत्रमा शासन गर्‍यो । खमेरको राजधानी अङ्गकोर थियो । सो शहरमा त्यतिबेला दस लाख मानिस बस्थे ।

**विवादको कारण** :

थाइलेण्डले फ्रान्सले धोका दिएको कारण शिब मन्दिरमाथि अस्तित्व गुमेको आरोप लगाइरहेका छन् । कम्बोडियामाथि फ्रान्सले सन् १८६३ देखि १९५३ सम्म अर्थात, ९० बर्ष शासन गरेका थिए । तर, थाईलेण्ड एक स्वतन्त्र राष्ट्रको अस्तित्वमा थिए । दुवै मुलुकबीच सो शिब मन्दिरका साथै सीमाना विवाद भइरहन्थ्यो । फ्रान्सको पहलमा दुवै मुलुकबीच सन् १९०४ मा एक सम्झौंता भयो । सो सम्झौंतामा शिव मन्दिरको कसको आधिपत्य हुने सम्बन्धमा प्राकृतिक वाटरशेड अर्थात पहाडी ढलानको आधारमा निर्धारण गरिने उल्लेख गरिएको थियो । तर, १९०७ मा फ्रान्सद्वारा तयार पारिएको नक्सामा सो ढलान क्षेत्र समावेश भएन, मन्दिर कम्बोडियाको भागमा पर्‍यो । शुरु शुरुमा थाईलेण्डले सो नक्सालाई स्वीकार गर्‍यो । तर, १९३० को दसकमा थाईलेण्डभित्र मन्दिरमाथि बर्चस्वताका लागि आन्तरिक दवाव बढ्दै गयो । थाईलेण्डले मन्दिरमाथि सैन्यवल प्रयोग गरी मन्दिर कब्जा गरे । सन् १९५९मा कम्बोडियाले अन्तर्राष्ट्रिय अदालतमा सो विषय पुर्‍याएको थियो । सन् १९६२ मा सो अदालतले अन्ततः सो मन्दिर कम्बोडियाको भागमा परेको फैसला गर्‍यो । त्यसपछि, मन्दिरमाथि कम्बोडिया अधिकार स्थापित भयो । दुवै देशले राष्ट्रिय स्वभिमानसँग मन्दिरलाई जोडेका छन् । दुवै मुलुकबीच ८१७ किलोमिटरको सीमानामा खासै विवाद छैन् । सीमा विवादमात्र मन्दिर र वरिपरीको क्षेत्रसँग छ । उक्त, मन्दिरमा थाइलेण्डको सिधा सडकसँग जोडिएको छ । पुजापाठमा खासैं रोकटोक छैन् । अहिले युद्ध भएपछि अवस्था तनावग्रस्त छन् ।

**थाई प्रधानमन्त्रीको निलम्बन** :

थाईलेण्डकी प्रधानमन्त्री पैतोगतार्न शिनावात्राको संवैधानिक अदालतले १ जुलाईमा प्रधानमन्त्री पदबाट निलम्बन गर्‍यो । उनी अदालतको अन्तिम फैसला नआउञ्जेल निलम्बनमा रहने छिन । २०२५को मई महिनामा थाइलेण्ड र कम्बोडियाबीच सो शिबमन्दिरको क्षेत्रमा सामान्य झडपपछि एक कम्बोडियाली सैनिकको मृत्यु भएको थियो । सीमाना तनावपूर्ण अवस्था रहेकै अवस्थामा प्रधानमन्त्री शिनावात्राले कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेनसँग फोनमा कुराकानी गरेकी थिइन् । त्यो कुराकानीको अडियो सार्वजनिक भयो । पैतोंगतार्नले हुन सेनलाई "अङ्कल" भनेर सम्बोधन गर्दै थाईलेण्डको सेनाको एक वरिष्ठ पदाधिकारीलाई आफ्नो विरोधी भनेकी थिइन् । त्यसपछि, प्रतिपक्षले देशको प्रतिष्ठा हनन् भएको भनेर आवाज उठाएका थिए । अदालतमा उजुरीपछि शिनावात्रालाई अदालतले प्रधानमन्त्री पद अर्को आदेश नआउन्जेलसम्म निलम्बन गरेको हो ।

**दुवै मुलुकबीच युद्ध**

सोही मन्दिरको विषय लिएर थाईलेण्डले कम्बोडिया सैन्य शिविरमाथि साउन ८ गते आक्रमण गर्‍यो । थाईलेण्डको आक्रमणको जवाफमा कम्बोडियाले ड्रोन र बीएम २१ राँकेटबाट प्रहार गर्‍यो । थाईलेण्डले पनि एफ-१६ विमानका साथै कलष्टर बलमे आक्रमण गरयो । भीषण युद्धमा परिणत हुन थालेपछि दुवै मुलुकका सीमावर्ती क्षेत्रका दुई लाखभन्दा बढी मानिस घरपरिवार छोडेर सुरक्षित स्थानमा आश्रय लिएका छन् । एकसयभन्दा बढीको ज्यान गइसकेका छन् । २००८ मा पनि सामान्य युद्ध भएको थियो ।

मन्दिर एक आस्थाको केन्द्र भएपनि यतिखेर, दुवै मुलुक बर्चस्वको लडाइमा जुटेका छन् । थाईलेण्डले आफ्नो सुरीन क्षेत्रको एक भागको रुपमा दावि गर्दै आएका छन् । यो युद्धसमेत गरी सन् २०२५को सात महिनाभित्र यो तेस्रो युद्ध हो । यसअघि, वैशाख २३ गते रात्रि (६ मई)मा भारत- पाकिस्तानबीच युद्ध, र असार ३० गते, (१३ जून)मा इरान-इजरायलबीच युद्ध भएको थियो ।

**अन्तर्राष्ट्रिय दवाव**

अमेरिकाका राष्ट्पति डोनाल्ड ट्रम्पले दुवै मुलुकले युद्धविराम नगरे व्यापार ठप्प गर्ने चेतावनी दिएका छन् । त्यसपछि पनि दुई दिनसम्म युद्ध जारी रह्यो । अहिले सिङ्गापुरले दुवै मुलुकबीच मध्यस्थता गर्दै छन् । कम्बोडियासँग सैन्यशक्ति कमजोर रहेकाले चीनमाथि बढी निर्भर छन् । अर्कोतर्फ, थाइलेण्डको आर्थिक अवस्था सवल हुनुका साथै कम्बोडियाको तुलना सैन्यशक्ति मजबुत देखिन्छ । 'इतिश्री'

# परवल खेती किन र कसरी ?



**श्री भगवान ठाकुर**



**१। परिचय**: परवल काँक्रो समूहमा पर्ने बहुवर्षिय लहरे बाली हो । यसको बानस्पतिक नाम त्चष्अजयकबलतजभक मष्यअब च्यहदा हो । यसमा प्रोटीन, भिटामीन ए र सी, क्याल्सीयम, फास्फोरस र फलामको मात्रा अत्यधिक हुन्छ । यसको उत्पत्ति बंगाल र असाममा भएको मानिन्छ । परवल मुटु मधुमेह र दिमागका रोगीहरुको लागी धेरै उपयोगी हो । यो सजिलैसंग पच्ने अरु तरकारीको तुलनामा पौष्टीक र स्वादिलो भएकोले तरकारीको राजा पनि भनिन्छ । यसको तरकारी, भुजिया, पकैडा, भरुवा वा भर्ता, अचार, मोरबा, मिठाइ आदि बनाउन भान्सा, भोज, होटलमा प्रशस्त प्रयोग गरिन्छ । यो एक पटक लगाएपछि ४/५ वर्षसम्म फल दिन्छ । यो मुख्यत ः वगर तथा बलौटे दोमट माटोमा खेती गरिन्छ । आजकल परवल करेसाबारीमा ८, १० बोट झाँगमा लगाउने चलन बढेको छ, यसबाट जुनकुनै बेला आफूलाई चाहेको बेला टिपेर तरकारीमा खाने गरेको पाईन्छ । यसलाई मैथिलि, भोजपुरी तथा बाजिकामा परोड, नेपाली तथा हिन्दीमा पडवल र अंग्रेजीमा प्वाइन्टेड गौर्ड भनिन्छ । यसको खेती तराई मधेशका सबै जिल्लाहरुमा गरिन्छ । तर नदी भएका जिल्लाहरु महोतरी, धनुषा, सिरहा, सुनसरी,रौतहट, सर्लाही, दाँग, कपिलवस्तुमा गर्ने गरिन्छ ।

**२। वानस्पतिक विवरण**: यसको भाले र पोथी फूल भएका छुट्टाछुट्टै अलग अलग बोटहरु हुन्छन् । यसको एउटा मुख्य जरा र अन्य जराहरु पनि हुन्छन् । लहरा पेन्सिल आकार भएका हुन्छन् । पातहरु गाढा हरियो र पानको जस्तै आकार भएका हुन्छन् । फूलहरु साना लाम्चो गोला र सेता रंगका हुन्छन् । जम्मा फूलहरुको ४०-७० प्रतिशतमा मात्र फल लाग्ने गर्दछ । परवलको पोथी बोटमा फूल लाग्दा बतिलासँगैका फूल लाग्छन् भने भालेबोटमा फुल्ने फूल सोली जस्तै बतिला विहिन हुन्छन । राम्रो बाली उत्पादनका लागी एक प्लटमा १०-१५% भाले बोट आवश्यक हुन्छ । यसको फूल रातको विहानी पख अथवा उज्यालो हुने समयमा फूल्छ र ६-१२ बजे सम्ममा परागसेचन सम्पन्न हुन्छ ।

**३। परवलको महत्व**: मानिसको लागि परवल पोषण, औषधीय एवं आर्थिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण मानिन्छ । परबलमा प्रोटीन र रेसाका अलावा खनिजतत्व एवं भिटामीन प्रचुर मात्रामा पाईन्छ । एक सय पचास ग्राम खान योग्य परबलमा देहायका मात्रामा खाद्यतत्वहरु पाईन्छ ।

| खादतत्व (ग्रा.) | | भिटामीन (मि.ग्रा.) | | खनिज तत्व (मि.ग्रा.) | |
|---|---|---|---|---|---|
| पानी | ९२.२ | सी | २९ | पोटासियम | ८३ |
| कार्बोहाडेट | २.२ | ए | २५५ | सल्फर | १७ |
| प्रोटीन | २ | बी १ | १.०५ | म्यागनेसियम | ९ |
| चिल्लो पदार्थ | ०.३ | बी २ | ०.०६ | सोडियम | २.६ |
| रेसा | ३.३ | बी ६ | ०.५ | तामा | १.१ |
| | | | | फसफोरस | ४० |
| | | | | फलाम | १.७ |

परबल एउटा महत्वपूर्ण स्वास्थ्यबर्द्धक, पितनासक, सुपाच्य र मस्तिष्क एवं हृदयबर्धक तरकारीको रुपमा चिनिन्छ । परबलले कोलेस्टेरोल र रगतमा चिनी (सुगर) घटाउने काम गर्दछ । यो मुटु र मस्तिष्कको बिरामीलाई उपयोगी हुन्छ । परबललाई तरकारी, पकौडा, अचार, सुप बनाएर, परबलमा मसला र मासु समेत भरेर विभिन्न परिकारहरु बनाई खाने गरेको पाईन्छ । यसका अलावा राम्रो आय आर्जन गर्न परबल खेती कृषकहरुका लागि अति महत्वपूर्ण व्यवसाय बन्न पुगेका छन ।

**४। हावापानी र माटो**: यसको खेती गर्मी न्यानो र आद्र हावापानीमा राम्रोसंग गरिन्छ । तुषारो कम पर्ने वर्षा १०० देखि ११० से.मी. हुने क्षेत्र यसको खेतीको लागि उपयूक्त मानिन्छ । अतः नेपालको तराई तथा भित्रि मधेशमा यसको खेती गर्ने गरिन्छ । यसको लागी प्रसस्त वर्षा हुने र गर्मी तथा ओसिलो हावापानी पाइने ठाउँ राम्रो मानिन्छ । यसको बोट शरद र बसन्त ऋतुमा सुसुप्त अवस्थामा रहे पनि तापक्रम बढन थाले पछि पलाउन थाल्छ । चिम्टयाइलो बाहेक पानी नजम्ने तथा निकास भएको सकभर अग्लो ठाउं, बुरबुराउदो बलौटे र दोमट तर प्रसस्त मात्रामा प्रांगरिक पदार्थ भएको परबल खेतीको लागी उपयुक्त मानिन्छ । नदीले कटान गरी छाडेका भूभाग, नदी तटको माथिल्लो भाग तथा बालुवाले पुरेका बगर भागमा तराईमधेशमा प्रशस्तै खेती गरेका पाईन्छ ।

**५। परबलका जातहरु**: नेपालमा परवलको अनुसंधान खासै नभइसकेकोले नेपालमा परवलका जातहरु सिफारिस भएका छैन । तर भारतका प्रचलित जातहरुमा फैदावाद परवल १ (गोलो धारीदार), फैजावाद परवल ३(लामो धारीदार), फैजावाद परवल ४ (लामो हरियो), स्वर्ण रेखा (लामो बेल्नाकार सेतो हरियो धारी), काजला, क्रान्ति र फैजावाद परवल ५ रहेका छन् ।

**परवलको लहरा र फलहरु**

**६। जमीनको तयारी र खाडल खन्ने**: परवल लगाउनु पहिले सकभर चैत्र बैसाखमा जग्गालाई ३, ४ पटक गहिरो खनजोत गरी पाटा लगाएर समतल बनाउनु पर्दछ । माटोमा भएको घाँस झारहरु राम्रोसंग हटाउनु पर्दछ । त्यस पछि तोकिएको दुरीमा पर्ने गरी माटोको चिस्यानको आधारमा १, २ फीट गरिइ र १ फीट गोलाइ भएका खाडलहरु तयार पार्नु पर्दछ

**७। परबलको प्रसारण तथा बृद्धि**: परवलको प्रसारण लहरा (वानस्पतिक तरीका) मार्फत गरिन्छ । लहरा छान्नका लीग आफूले चाहेको जातको रोग कीराबाट मूक्त भएका ताजा र बढी उत्पादन दिने परबल बालीबाट ३, ४ मीटर लामो लहरा (प्रत्येक लहरामा कम्तीमा ८, १० गाँठो पर्ने गरी ) ल्याई १ फीट देखि २ फीट लम्बाई भएको ४, ५ फन्को घुमेको मुठो बनाउनु पर्दछ । यसरी मुठो पार्दा लहराको बनौट अंग्रेजी अंकको आठ ९ ड० वा नेपाली अंकको चार (४) जस्तो बनाउनु पर्दछ । लहराको मुठो बनाउँदा पातहरु हटाएको हुनु पर्दछ ।

**८। लगाउने दूरी तथा तरीका**: पंक्तीदेखी पंक्ती २ मी. तथा बोटदेखी बोट १ मी. खाल्टो वा कुलेसोमा लहराहरु रोप्नु पर्छ ।

**(क) खाल्टो खनेर**

परवल लगाउनु अगाडी राम्ररी खनजोत गरी माटोको चिस्यानको आधारमा माथि उल्लेखित दूरीमा १, २ फीट गहिराइ र १ फीट गोलाइ भएका खाडलहरु तयार पार्नु पर्दछ । प्रत्येक खाडलमा ५ कि.ग्रा.का दरले पाकेको मल र रसायनिक मल प्रति खाडल ५/५ ग्रा. नाइट्रोजन, फास्फोरस र पोटास राम्ररी लहरा रोपनु भन्दा १०दिन अगाडी मिसाउनु पर्दछ ।

**(ख) नाला अथवा कुलेसो खनेर**

गोलाकार बनाएका लहराहरुको दुबै टुप्पोहरु माटोको सम्पर्कमा ल्याई दुई तिहाई भाग माटो भित्र पर्ने गरी गाडिन्छ । यसरी रोपिएका लहरामा केही दिन पछि जरा तथा जमिन माथी रहेका भागबाट नयाँ टुसाहरु पलाउन थाल्छन् । उपयुक्त वातावरण मिल्ना साथ बढन थाल्छ । बगरमा परबल खेती गर्दा प्रायः यसै प्रकारले गरिन्छ ।

**(ग) टाँड वा मचान बनाएर**:

परवललाई घर नजिक टाँड बनाएर वा मचान बनाएर पनि उत्पादन गरिन्छ । यसले उत्पादन बढी दिनुका साथै झाँग भित्र छहारी रुचाउने बाली लगाएर ठाउँको सदुपयोग गर्न सकिन्छ । यसको लागि १ मी. देखि १.५मी. चौडाई भएको १.५ मी. उचाईको टाँड बनाउनु पर्दछ र १.५ मी.को दुरीमा चौडाइ पटिबाट लहरा खाल्टो विधिबाट रोपी लहरा मचानमाथि हुर्काउनु पर्दछ ।

**९। लगाउने समय**: यसको विउ माघदेखि बैशाखसम्म रोपेर विरुवा उर्मान सकिन्छ । लहरा काटेर कलमि सार्ने हो भने भदौं देखि कार्तिक सम्ममा सारि सक्नु पर्छ । पुरानो राम्रो फल लाग्ने स्वच्छ विरुवाबाट कलमि गरेर यसको खेती गरिन्छ ।

**१०। विउ दर**: ६०० ग्रा. विउ प्रति कठ्ठा र १५०-२०० लहरा प्रति कठ्ठा चाहिन्छ । कलमि लहराको लम्बाई ५० से.मी. हुनुपर्छ र गोलो आकारमा बनाउनु पर्छ ।

**११। लहरा लगाउने तरीका**: माथि उल्लेखित(परबलको प्रसारण तथा बृद्धि) तरीकाबाट तयार गरिएको मुठाको माथिल्लो १ इन्च जमीन माथि छाडी बाँकी भाग पूर्व तयार खाल्टो वा कुलेसोमा माटो मुनि पर्ने गरी परबलको लहरा रोपनु पर्दछ । यसरी लगाउनाले प्रतिकठा १६५ देखि १७५ मुट्ठाहरुको आवश्यकता पर्दछ । लहरा लामो छ र चिस्यान ठीक मात्रामा भए लहराको बीच भाग मात्र पुरी दुबै तिर टुप्पो देखाएर पनि लहरा रोप्न सकिन्छ । परबलको लहरा रोपेका १ देखि १.५ हप्तामा नयाँ पालुवा आउन थाल्छ । यो समयमा कुनै फूल फल लागेमा टिपी फाल्नु पर्दछ । चिसोले पुस माघमा आशिंकरुपमा वा पूर्ण रुपमा पातहरु सुक्दछ र फाल्गुनमा तिनीहरु पुनः नयाँ पालुवा आई त्यसबाट फुल र फल लाग्न थाल्दछ ।

**१२। भाले पोथी बोटको अनुपात**: परबलको भाले र पोथी फूल छुटाछुटै बोटमा फुल्ने गर्दछ । परबल बालीको उत्पादन प्लटमा भाले र पोथी बोटको अनुपात मिलाउनु पर्दछ । यसको लागि जम्मा बोट मध्ये १० प्रतिशत (सयकडा १०) भाले बोट आवश्यकता पर्दछ । खेतमा प्रत्येक ९ बोट पोथी पछि १ भाले बोट लगाउनु पर्दछ । तर ठुलो खेत भएमा ५ देखि १० प्रतिशत भालेमात्र लगाउँदा हुन्छ ।

**भाले र पोथी बोट छुटयाउने तरीका**

**भाले बोट**: भाले बोटको एक गाँठ देखि अर्को गांठको दुरी लामो हुने पातहरु अलि चिप्लो हुने गर्दछ ।

**पोथी बोट**: पोथी बोटको एक गाँठ देखि अर्को गांठको दुरी नजिक हुने तथा पातहरु अलि खस्रो हुने गर्दछ ।

**१३। मलखाद**: परवलको लहरा एक पटक लगाए पछि ४, ५ वर्षसम्म उत्पादन दिने भएकोले वार्षिकरुपमा निम्न बमोजिम प्रति कठा मलको व्यवस्था गर्नु पर्दछ ।

| मल | मलको मात्रा | |
|---|---|---|
| | प्रति कठा (किलो) | प्रति खाडल वा बोट |
| कम्पोष्ट | ८००-१००० | ५ |
| यूरीया | ५ | ३० |
| डि.ए.पी. | ४ | २५ |
| पोटास | २ | १३ -१५ |
| जिंक फोस्फेट | १ | ६-८ |

पहिलो वर्ष खेत तयारीसंगै सम्पूर्ण कम्पोष्ट, डी.ए.पी. र पोटास तथा एक चौथाई यूरीया माटोमा प्रयोग गर्नु पर्दछ वा खाडलमा हाल्नु पर्दछ । बाँकी एक चौथाई यूरीया मंसीरको अन्तिम साता र बाँकी आधा भाग यूरीया माघ फाल्गुन तिर दिनु पर्दछ ।

दोश्रो वर्षदेखि पुरै गोबर मल, डी.ए.पी., पोटास तथा आधा यूरीया मंसीरमा र बाँकी आधा भाग ३ महिना पछि माघ फागुनमा दिनु पर्दछ । मल दिन विरुवाको वरिपरि गोलो बनाएर जराबाट ४५ से.मी. टाँढा दिनु पर्दछ ।

**१४। सिंचाइ र गोडमेल**: यसलाई एक वर्षमा ३/४ पटक गोडमेल गर्नु पर्छ । सिचाईको व्यवस्था भएमा १०/१५ दिनको फरकमा पानी दिनु पर्छ । गर्मी महिनामा ८, १० दिनमा पानी दिनु पर्दछ । पानी बढी भएको अवस्थामा निकासको उचित व्यवस्था गर्नु पर्छ ।

**१५। काटछाट**: यसलाई काटछाट नगरे सानो र कम फल फल्ने हुन्छ । त्यसैले पहिलो वर्ष काटछाटको आवश्यकता पर्दैन तर फलेको पहिलो वर्ष मंसीरको दास्रो हप्ता देखी काटछाट गर्नु पर्छ । भुई देखि ३०/४० से.मी. सम्मको प्रमुख लहरालाई छोडेर बाकी लहरालाई काटनु पर्छ । त्यसैमा फाल्गुण देखी परवल फल्न शुरु गर्छ ।

**१६। टेका र छापो**: परबललाई टेका दिनु राम्रो मानिन्छ । टेका अनुसार लहरालाई तालीम दिनु पर्दछ । अनुसंधानले भूइंमा छोडिएको लहरा भन्दा टेका दिई लगाइएको परबलमा बढी उत्पादन हुने प्रमाणित गरेको छ । तर भूइंमा पनि सफलताका साथ उत्पादन गर्न सकिन्छ । टेको व्यवस्था नभए जमीनमा नै खर, पराल, मकै गहुको ढोड, उखुको पात, आदिको छापो दिनु पर्दछ । छापोले चिस्यान बचाउने, फल एवं डाँठ कुहिने समस्याबाट बचाउने र प्रागांरिक पदार्थ पनि थपि दिने काम गर्दछ ।

**१७। बाली संरक्षण** :परवलमा उचित व्यवस्थापनको कमिले रोग र कीरा दुबैले क्षति पुर्याउँछ । परबलमा खास गरी फल कुहाउने औंसा , डाँडमा गाँठो पार्ने कीरा र सेतो झिंगाले क्षति पुर्याउने भएकोले साइपरमेथ्रिन वा डेल्टामेथ्रिन वा इन्डोसल्फान २, ३ मि.ली. प्रति लीटर पानीको दरले स्प्रे १०, १५ दिनको फरकमा गर्नु पर्दछ । यसमा लाग्ने मुख्यतः फलकुहिने, डढुवा र धुले रोगको लागि क्रिनोक्सील १ ग्रा.वा ब्लाइटोक्स ५० वा बविस्टीन २ ग्राम प्रति लीटर पानीको दरले तथा खपटे किराको प्रकोप दखिएमा रोगर २ मि.लि.प्रति लीटर पानीको दरले राम्ररी भिज्ने गरी स्प्रे गर्नु पर्छ ।

**१८। फल टिप्ने**: परवलको फल साधारणतया फाल्गुण देखी कार्तिक सम्म उत्पादन दिन्छ । फल कलिलो अवस्थामा नै टिपि उपभोग वा विक्री गर्नु पर्दछ । उत्पादन रपलको अवस्था हेरी ४/५ दिनको फरकमा फल टिप्नु पर्ने हुन्छ । दास्रो र तेस्रो वर्षमा उत्पादन बढी उत्पादन हुन्छ ।

**१९। उत्पादन**: परवल पहिलो वर्ष ४, ६ क्वीन्टल तथा दोश्रो वर्ष देखि ६, ८ क्वीन्टल प्रति कठा उत्पादन दिन्छ । यसबाट प्रति कठ्ठा ८-१० हजार सम्म आम्दानी हुन्छ । पहिलो वर्ष कम तथा दोश्रो वर्ष देखि चौथो वर्षसम्म राम्रो उत्पादन दिन्छ, त्यसपछि घट्दै जान्छ । त्यसैले पहिलो पटक लगाएको बाली ४ वा बढीमा ५ वर्ष लगाउनु पर्दछ ।

**२०। खुटी तथा अन्तरबाली**: परबल एक बर्ष उत्पादन लिए पछि अर्को कार्तिक मंसीर तिर लहरा सुक्न थाल्दछ । त्यसबेला सबै लहराको भूईं देखि १०, १५ से.मी. छोडी अरु भाग हटाई दिनु पर्दछ । आवश्यकता अनुसार मल खाद दिनु पर्दछ । माघ फागुनमा पालुवा आए पछि आवश्यकता अनुसार सिंचाइ मल दिनु पर्दछ । चैत्रको मध्य तिर फल प्राप्त हुन्छ । यसप्रकार १ पटक लगाए पछि ४, ५ वर्ष उत्पादन लिन सकिन्छ ।

*लेखकः मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार हुनुहुन्छ ।*

# ‘गुणस्तरीय शिक्षाका लागि गरिएको लगानीले वर्षौंपछि प्रतिफल दिन्छ’



कञ्चनपुर। नेपाली कांग्रेसका नेता एवं पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले गुणस्तरीय शिक्षाका लागि गरिएको लगानीले वर्षौंपछि प्रतिफल दिने बताउनुभएको छ।

शनिबार शुक्लाफाँटा नगरपालिका-४ असैनास्थित कालिका माध्यमिक विद्यालयमा कल्की फाउण्डेसनले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा उहाँले शिक्षामा गरेको लगानी व्यापार नभएर वर्षौंपछि प्रतिफल दिने दिगो योजनाका रूपमा रहेको धारणा राख्नुभयो। सामुदायिक विद्यालयमा पूर्वाधार विकाससँगै पढाइको गुणस्तर वृद्धिका लागि आधारभूत तहबाट सुधार गर्दै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

“अहिलेका अभिभावकले आफ्ना सन्तानलाई अङ्ग्रेजी भाषामा दखल बनाउने चाहना राख्नुहुन्छ। अभिभावकको मनोभावलाई बुझेर आधारभूत तहदेखि अङ्ग्रेजीमा पढाउने व्यवस्था गरिनु आवश्यक छ”, नेता साउदले भन्नुभयो। अङ्ग्रेजीमा पढाइ गर्ने सामुदायिक विद्यालयलाई अरु विद्यालयको तुलनामा प्रोत्सहित गर्न बढी अनुदानको व्यवस्था गरिनुपर्ने उहाँले उहाँले दिनुभयो।

“सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन थालेपछि निजीमा बालबालिका पढाउने क्रम रोकिन्छ, सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्छ, त्यस कार्यले शिक्षामा गरेको लगानी खेर जादैन”, उहाँले भन्नुभयो। नयाँ पिँढीका लागि शिक्षामा गरिएको लगानीले आठ दशकसम्म प्रतिफल प्राप्त भइरहने उहाँले उल्लेख गर्नुभयो।

“नयाँ सोचका साथ विद्यालय व्यवस्थापनको कार्यलाई अगाडि बढाइनुपर्छ”, नेता साउदले भन्नुभयो, “माध्यमिक तहमा पढाइ हुने विद्यालयमा कम्तीमा व्यवस्थापन समितिको अध्यक्षको योग्यता स्नातकतहसम्म निर्धारण गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्छ।” सरकारी विद्यालयको गुणस्तर सुधार गर्ने दायित्व सबैको भएकाले व्यवस्थापन पक्षलाई चुस्तदुरुस्त पारेमा सुधारका सङ्केत देखिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

पूर्वपरराष्ट्रमन्त्री साउदले शुक्लाफाँटा नगरपालिकामा सडक, एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र, प्रशासनिक भवन निर्माणलगायत योजनाका लागि एसियाली विकास बैंकको रु अढाई अर्ब सहुलियत ऋण सहयोग उपलब्ध भएकामा रु एक अर्बको मात्रै योजना बन्नुले जनप्रतिनिधिको प्रशासनिक क्षमता कमजोर भएको प्रमाणित गर्ने धारणा राख्नुभयो। अहिले पनि एसियाली विकास बैंकको रु ८८ करोड बजेट आएकाले त्यसको सदुपयोग गर्दै गुणस्तरीय योजना बनाएर कार्यान्वयनमा लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

पूर्व-पश्चिम राजमार्गको अत्तरियाबाट गड्डाचौकीसम्म छ लेनको सडक निर्माणका लागि रु २१ अर्ब बढी बजेट विनियोजन भएकाले सडक निर्माणले गति लिएपछि यस क्षेत्रको विकासमा नयाँ आयाम थपिने नेता साउदले विश्वास व्यक्त गर्नुभयो। पूर्वमन्त्री साउदले आजै वडा नं ४ को सनवोरा र स्याली नदीको बाढी प्रभावित क्षेत्रको अवलोकन गर्नुभएको छ। निर्माण भएका सडक, नगर अस्पताललगायत भौतिक पूर्वाधारको निरीक्षण गर्दै निर्माणमा भएका प्रगतिबारे उहाँले चासो राख्नुभएको छ।रासस

> “सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन थालेपछि निजीमा बालबालिका पढाउने क्रम रोकिन्छ, सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्छ, त्यस कार्यले शिक्षामा गरेको लगानी खेर जादैन”

# झलनाथ खनालको अध्यक्ष माधव नेपालप्रति असन्तुष्टि

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टी अध्यक्ष माधव कुमार नेपालप्रति सार्वजनिक असन्तुष्टि व्यक्त गरेका छन्। शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै खनालले अध्यक्ष नेपालबाट आएको अभिव्यक्ति अनुचित र अनपेक्षित रहेको बताएका हुन्।

अध्यक्ष नेपालले खनालको एक अभिव्यक्तिको प्रतिक्रिया दिँदै “यदि यस्तो बोलेको हो भने पार्टीमा बस्ने नैतिक आधार छैन” भन्दै कडा टिप्पणी गरेका थिए। विराटनगरमा आयोजित कार्यक्रममा बोल्दै नेपालले खनालको भनाइप्रति असन्तुष्टि जनाएका थिए। उनले भनेका थिए, “अचेल त एआईको जमाना छ, बोल्दै नबोलेको कुरा पनि आइदिन्छ, स्वर मिलाएर। यदि उहाँले साँच्चिकै यस्तो बोलेका हुन् भने पार्टीबाट विदा गरिदिनुपर्छ।“



खनालले भने पार्टी अध्यक्षबाट यति तीव्र प्रतिक्रिया आउला भन्ने आफूले कल्पनासमेत नगरेको बताए। “माधव नेपालजस्तो नेताको मुखबाट यस्तो अभिव्यक्ति आउला भन्ने मैले अपेक्षा नै गरेको थिइनँ,“ खनालले भने, “यदि मैले बोलेका वा लेखेका कुराले समस्या खडा भएको हो भने समाधानको बाटो संवाद र बैठक हो। पार्टी त छँदैछ, छलफल गर्न।“

खनालले अध्यक्ष नेपालसँग २०३२ सालदेखि सहकार्य गर्दै आएको स्मरण गराउँदै पछिल्लो समय उनीबाट सन्तुष्ट हुन नसकेको टिप्पणी गरे। उनले पार्टीको वैचारिक बहस र असहमति समाधान गर्न आन्तरिक बैठक र संवाद आवश्यक भएको भन्दै सार्वजनिक रूपमा ‘अधीर भएर’ बोलेको व्यवहार अनुचित रहेको बताए।

‘पार्टीभित्र छलफल गरेर समस्याको हल निकाल्न सकिन्छ, यसरी बाहिर मिडिया मार्फत एकअर्कामाथि आरोप प्रत्यारोप गर्नु कम्युनिस्ट संस्कार होइन्,’ खनालको भनाइ थियो।

त्यसैगरी, उनले आफू पार्टी नछोड्ने र राजीनामा दिने प्रश्नमा समेत प्रष्ट पारे। ‘कोही भन्छ भनेर म राजीनामा दिएर हिँड्दिनँ, म पार्टीबाट भाग्दिनँ,’ उनले दृढता देखाए।नेकपा (एकीकृत समाजवादी) भित्रको यो पछिल्लो विवादले शीर्ष नेताहरूबीच गहिरिएको दूरी उजागर गरेको छ। अब पार्टीभित्र छलफल र एकताका प्रयासमार्फत तनाव समाधान गर्ने कि विभाजनको संकेत बढ्दै जाने हो भन्ने प्रश्न उठ्न थालेको छ।

# नेकपा माओवादी केन्द्रको बैठकमा जनार्दन शर्मामाथि चर्को आलोचना



काठमाण्डु। नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडामा जारी स्थायी कमिटी बैठकमा पार्टी उपमहासचिव जनार्दन शर्मा तीव्र आलोचनाको केन्द्र बनेका छन्। शनिबारको बैठकमा २५ जना नेताहरूले शर्मा पार्टीभित्रको आन्तरिक असमझदारी सार्वजनिक रूपमा व्यक्त गर्दै हिँडेको भन्दै आत्मालोचना गर्नुपर्ने माग गरेका हुन्।

शुक्रबारदेखि जारी बैठकमा पदाधिकारी, अनुशासन आयोग अध्यक्ष र १९ जना स्थायी कमिटी सदस्यले धारणा राखेका थिए। तीमध्ये अधिकांशले शर्माको पछिल्लो अभिव्यक्तिको आलोचना गर्दै अहिले नेतृत्वको विकल्प खोज्ने बेला नरहेको स्पष्ट पारेका छन्। अघिसम्म शर्माको पक्षमा देखिएका केही नेताहरूले समेत अब भने उहाँको आलोचना गरेका छन्। पार्टीभित्रको विवाद सार्वजनिकरूपमा बाहिर ल्याएर गल्ती गरेको भन्दै शर्माले आत्मालोचना गर्नुपर्ने धारणा राखिएको छ। बैठकमा धेरैजसो नेताले अहिले प्रतिगमनको खतरा देखिएको बेला पार्टी नेतृत्वको आलोचना उचित नभएको बताएका छन्।

जनार्दन शर्माले साउन ६ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा नेपालका कम्युनिस्ट नेताहरूले 'असुली धन्दा' चलाएको टिप्पणी गरेका थिए। उनले भनेका थिए- “मनमोहन अधिकारीबाहेक अन्य नेताहरू असुलीमा लागेको छन्।“ उक्त अभिव्यक्तिलाई लिएर पार्टीभित्र आलोचना चुलिएको हो। शर्माले त्यस अभिव्यक्तिको बचाउ गर्दै ‘एमालेका नेताहरूलाई लक्षित गरी बोलेको हुँ, अध्यक्ष प्रचण्डप्रति भनेको होइन’ भन्दै स्पष्ट पारेका थिए। तर, स्थायी कमिटी सदस्य खगराज भट्ट, विजय प्रकाश सैंजु, गणेशमान पुन, पूर्ण सुवेदी, कालीबहादुर खामलगायतले शर्माको कडा आलोचना गरेका छन्।

बैठकमा अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको १० बुँदे प्रस्तावको समर्थन गर्दै नेताहरूले पार्टीको आन्तरिक कुराकानी बाहिर लैजान नहुनेमा जोड दिएका छन्। उपमहासचिव वर्षमान पुनले समेत असमझदारी र असन्तुष्टि भए आन्तरिक बैठकमै कुरा उठाउनुपर्नेमा जोड दिए। शनिबारको बैठकमा प्रल्हाद बुढाथोकीले मधेशको जलसंकटबारे चिन्ता व्यक्त गर्दै पार्टीले समन्वय गरेर समस्या समाधानमा ध्यान दिनुपर्ने बताएका थिए। माओवादीको स्थायी कमिटी बैठक आइतबारसम्म जारी रहने छ। बैठकले शर्मासम्बन्धी विवादबारे ठोस निर्णय लिने अपेक्षा गरिएको छ।

नेकपा माओवादी केन्द्रको स्थायी कमिटी बैठकमा नेताहरूले पार्टीभित्र विधि पद्धति र प्रक्रियालाई कडाइका साथ लागू गर्न सुझाव दिएका छन्।

**पार्टी भित्र विधी र पद्धतिमा कडाई गर्न सुझाव**

पार्टी कार्यालय पेरिसडाडामा शनिबार बसेको बैठकमा धारणा राख्ने नेताहरूले पार्टीलाई एकताबद्ध ढंगले अघि बढाउन विधि पद्धती र प्रक्रियालाई कडाइपूर्वक लागू गर्नुपर्ने सुझाव दिएको प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए।

संगठन निर्माण, बिकास र विस्तारमा योजना सहित केन्द्रीत हुन आवश्यकका साथै शुद्धिकरण र रुपान्तरणका विषय विशेष रुपमा उठेको उनले बताए। सापकोटाले नयाँ विचार संश्लेषण र विचारको बिकासका लागि बहसको थालनी गर्नुपर्ने बिषय बैठकमा उठेको उल्लेख गरे।

पार्टीका विषयमा आएका सवै बिषयमा सहज ढंगले बैठकमा छलफल भएको भन्दै उहाले माओवादी पार्टी कुनै हालतमा नफुट्ने बताए। एकता, संघर्ष र रुपान्तरण पार्टीको सिद्धान्त भएकाले बैठकको अन्तिमसम्म जादा पार्टी थप एकताबद्ध हुने उनले बताए।स्थायी समिति बैठकमा शनिबार आज १८ जना स्थायी समिति सदस्य, ५ जना पदाधिकारी र १ जना अनुशासन आयोगका पदाधिकारीले धारणा राखेको प्रवक्ता सापकोटाले जानकारी दिए।बैठक आइतबार ११ बजे देखि पुन सुचारू हुने बताइएको छ।

# समाजमा सकारात्मक धारणा निर्माणमा मिडिया भूमिका महत्वपूर्ण: मुख्यमन्त्री आचार्य



लुम्बिनी। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समाजमा सकारात्मक धारणा निर्माणमा मिडियाको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

राष्ट्रिय टेलिभिजन प्रसारक सङ्घ लुम्बिनी प्रदेशको नवनिर्वाचित कार्यसमितिको पद हस्तान्तरण समारोहलाई शनिबार बुटवलमा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सकारात्मक धारणा निर्माणमा मिडियाले अगुवाको भूमिका निर्वाह गर्नुपर्नेमा समेत जोड दिनुभयो।

“सामाजमा हरेक विषयमा नकारात्मक रूपमा अघि बढ्ने प्रवृत्ति छ। तर, हामीले सकारात्मक सन्देश दिनेगरी काम गर्न जरुरी छ”, मुख्यमन्त्री आचार्यले भन्नुभयो, “सुरुमा नकारात्मक कुरा दिमागमा बसिसकेपछि पछि जति सकारात्मक कुरा राखे पनि त्यसले असर गर्न सक्दैन। त्यसैले यो विषयमा संवेदनशील बन्न जरुरी छ।”लुम्बिनी प्रदेशको समृद्धि र विकासका लागि सञ्चार क्षेत्रले सम्भावना पहिचान गर्दै सकारात्मक योगदान दिनुपर्नेमा उहाँले जोड दिनुभयो। “मुलुक बनाउन बाहिरबाट कोही आउँदैन। हामी आफैँले बनाउनुपर्छ”, उहाँले भन्नुभयो।

उहाँले मिडिया संस्थाको स८्या वृद्धि भएको सरकारले बजेटको आकार बढाउन भूमिका खेलिरहेको बताउनुभयो। “प्रदेश सरकारको राजस्वमा डेढ अर्बले वृद्धि गर्न सकेका छौँ। सुरुमा योजना कम थिए, अहिले ती योजना विस्तार भएका छन्”, उहाँले भन्नुभयो। मुख्यमन्त्री आचार्यका अनुसार, प्रदेश सरकारद्वारा सञ्चार क्षेत्रमा विगतको तुलनामा बढी बजेट विनियोजन गरिएको छ। १२ वटै जिल्लालाई समान दृष्टिकोणका साथ महत्व दिइएको र मिडियाको हकहितका लागि वकालत गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

“प्रदेश सञ्चार समन्वय परिषद्को भूमिका थप प्रभावकारी बनाउन कानुनी सुधारको प्रक्रिया अघि बढाइएको छ”, मुख्यमन्त्री आचार्यले भन्नुभयो, “संसद् को चालु अधिवेशनमा सदनमा प्रस्तुत हुन्छ। सञ्चार ऐनमा आवश्यक सुधार यही वर्ष हुन्छ।

”कार्यक्रममा लुम्बिनी प्रदेश सञ्चार समन्वय परिषद्का अध्यक्ष यमबहादुर गाहा ‘मिलन’ ले सञ्चार क्षेत्रको सुदृढीकरणलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो।राष्ट्रिय टेलिभिजन प्रसारक सङ्घका केन्द्रीय उपाध्यक्ष विष्णु भुसालले प्रदेशमा समानुपातिक विज्ञापन वितरणको नीति आवश्यक रहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामराजप्रसाद पोखरेलले आशा जगाउने खालका कार्यमा सञ्चार क्षेत्र लाग्नुपर्नेमा जोड दिँदै सकारात्मक विषयवस्तुलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। लुम्बिनी उद्योग वाणिज्य महासङ्घका अध्यक्ष कृष्णप्रसाद शर्माले प्रदेशको आर्थिक विकास र सञ्चारको दिगो सञ्चालनका लागि वातावरण निर्माण राज्यको जिम्मेवारी रहेको बताउनुभयो।

उहाँले तथ्य र प्रमाणमा आधारित पत्रकारिता आजको आवश्यकता रहेकामा जोड दिनुभयो।

नेपाल उद्योग परिसङ्घ लुम्बिनीका अध्यक्ष एजाज आलमले मिडियाले निजी क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी काम गर्नुपर्ने बताउनुभयो।नेपाल चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टङ्कप्रसाद पोखरेलले ‘एकीकृत आवाज र आशावादी दृष्टिकोणसहित निजी क्षेत्रको समृद्धिका लागि सञ्चारको सहयोग अपरिहार्य’ रहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेलगायत उपस्थितले आ-आफ्नो धारणा राख्नुभएको थियो। राष्ट्रिय टेलिभिजन प्रसारक सङ्घ लुम्बिनीका निवर्तमान अध्यक्ष नरेश केसीको नेतृत्वमा रहेको कार्यसमितिले नवनिर्वाचित गोपाल ज्ञवालीको अध्यक्षतामा रहेको कार्यसमितिलाई पद हस्तान्तरण गरेको हो।रासस

# ‘पूर्वराष्ट्रपति राजनीतिमा आउन नपाउने व्यवस्था संविधानमै राख्नुपर्छ’

भादगाउँ। नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउन नपाउने व्यवस्था संविधानमै राख्नुपर्ने बताउनुभएको छ। कांग्रेस सूर्यविनायक नगरसमितिले शनिबार आयोजना गरेको तेस्रो नगरपालिका सम्मेलनमा उहाँले संविधान संशोधन गरेर भए पनि पूर्वराष्ट्रपति पुनःसक्रिय राजनीतिमा आउन नपाउने व्यवस्था गर्नुपर्ने बताउनुभयो।

सहमहामन्त्री परियारले संविधान निर्माण गर्दा राष्ट्रपति भइसकेको व्यक्ति पुनःराजनीतिमा सक्रिय हुन पाउने व्यवस्था गर्न चुकेकाले अब संविधान संशोधन गर्ने क्रममा यस व्यवस्थालाई समावेश गरिनुपर्नेमा जोड दिनुभयो।



नेकपा (एमाले) ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एमालेमा फर्किन नसक्ने गरी गरेको निर्णय स्वागत योग्य रहेको उहाँको भनाइ थियो। “पूर्वराष्ट्रपति भण्डारी सक्रिय राजनीतिमा फर्कने कुरा ठिक होइन। उहाँबारे एमालेले जे निर्णय गर्यो, त्यो सही निर्णय हो। कांग्रेसले पनि त्यस्तै निर्णय गर्नुपर्छ”, सहमहामन्त्री परियारले भन्नुभयो।

उहाँले नेपाली कांग्रेसको १५औँ महाधिवेशन आगामी २०८३ मङ्सिरभित्र गर्नु उपयुक्त हुने बताउनुभयो। “कांग्रेसमा वर्तमान नेतृत्वको कार्यकाल विसं २०८२ मङ्सिरमा सकिँदैछ, तर महाधिवेशनको तयारी सुरु भएको छैन। अब मङ्सिरमा महाधिवेशन सम्भव नभएकाले एक वर्ष म्याद थपेर अर्को वर्षको मङ्सिरमा महाधिवेशन गर्नुपर्छ”, सहमहामन्त्री परियारले जिकिर गर्नुभयो।

कांग्रेस भक्तपुरका सभापति एवम् प्रतिनिधिसभा सदस्य दुर्लभ थापाले केन्द्रीय नेता र केन्द्रीय कार्यसमितिलाई दोष दिनुभन्दा अन्य तहका समितिले पनि आफ्नो दायित्वमा रहेका काम समयमै सम्पन्न गर्नुपर्ने बताउनुभयो। उहाँले कांग्रेसका हरेक नेता कार्यकर्ताले पार्टी विधानअनुसार आफूले पाएको जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्न सके पार्टी स्वतः बलियो बन्ने बताउनुभयो।

कांग्रेस सूर्यविनायक नगरसमिति सभापति निशान ढुङ्गेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस भक्तपुरका पूर्वसभापति गणेशमान चक्रधर, महेश श्रेष्ठ, क्षेत्रीय सभापति भेषबहादुर कार्की र जीवन खत्री, प्रदेशसभा क्षेत्र नं २ (क)का सभापति प्रदिप कार्की, भक्तपुर नगरसमिति सभापति राजेन्द्र तमाखू, बागमती प्रदेशका पूर्वमन्त्री कृष्णलाल भँडेललगायतले शुभकामना व्यक्त गर्नुभएको थियो।

सम्मेलनमा नेपाली कांग्रेस सूर्यविनायक नगरसमितिका १० वटा वडा समितिका पदाधिकारी, वडाका क्षेत्रीय प्रतिनिधि, भ्रातृ एवम् शुभेच्छुक संघ संस्थाका प्रतिनिधि, सूर्यविनायक भूगोलबाट प्रतिनिधित्व गर्ने पार्टीका विभिन्न समितिका प्रतिनिधिसमेत गरी करिब २५० जनाको सहभागिता रहेको सभापति ढुंगेलले जानकारी दिनुभयो।रासस

# सरकारले विदेशी सेना भित्र्याउने बाटो खुला गरेको भीम रावलको आरोप

काठमाण्डु।पूर्वउपप्रधानमन्त्री तथा नेकपा (एमाले) नेता भीम रावलले सरकारले विदेशी सेना नेपाल भित्र्याउने बाटो खुला गरिरहेको गम्भीर आरोप लगाएका छन्। शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो अभिव्यक्ति दिएका हुन्।

रावलले सरकारले विदेशी कम्पनीलाई नेपाली नदीनालाबाट विद्युत् उत्पादन गर्न दिने कानून बनाएको र त्यसको सुरक्षाको जिम्मा पनि उत्पादन गर्ने कम्पनीलाई दिनु गलत भएको टिप्पणी गरे। उनले यसबाट विदेशी सेना नेपाल भित्रन सक्ने सम्भावना रहेको बताएका छन्।



“एउटा कानून आएको सुनेँ। अहिले विदेशीहरूले नेपाली नदीनालाबाट विद्युत् बनाउने भनेको छ नि, त्यसको सुरक्षा जसले बनाउने हो, उसैले गर भनिदियो,” रावलले भने, “अब हेर त, विदेशी सेना आउने भयो कि नाइँ? विदेशी सेना आएपछि हामीलाई खिर खान दिन्छ?”विदेशी सेना भित्रिएपछि नेपाली जनतालाई राम्रोसँग खान, बस्न नपाइने अवस्था सिर्जना हुने खतरा रहेको उनको दाबी छ।

नागरिकता विधेयकमाथि आपत्ति

त्यसैगरी, नागरिकता विधेयकमाथि पनि रावलले गम्भीर आपत्ति जनाएका छन्। उनले अब वंशजको नागरिकता लिन बाबुको नाम र ठेगाना नचाहिने व्यवस्था राखिएकोप्रति असन्तुष्टि जनाउँदै प्रश्न गरे

“अबदेखि नागरिकता लिने मान्छेले मेरो बाबुको नाम पनि भन्दिनँ, मेरो बाबु कहाँबाट जन्मेको त्यो पनि खालि राख्ने रे। यो देशलाई कहाँ लैजान लाग्या हो?”उनले यस्तो व्यवस्थाले वंशजको नागरिकता भन्ने आधार नै समाप्त हुने बताएका छन्।रावलले हालको राजनीतिक अभ्यासप्रति असन्तुष्टि व्यक्त गर्दै यस्तो नीति र निर्णयले देशलाई संकटमा लैजाने चेतावनीसमेत दिए।रासस

# ट्रम्प ट्यारिफको सिकार बन्दै प्रविधि उत्पादनले उदाएको एशिया

बीबीसी

काठमाण्डु । व्यापार युद्ध सुरु गर्दा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले रोजगारी र उत्पादनलाई अमेरिकामै फिर्ता ल्याउने, व्यापार घाटा कम गर्ने र अमेरिकी कम्पनीहरूलाई विश्वमा प्रतिस्पर्धी बनाउने आफ्नो लक्ष्य रहेको बताएका थिए।

महिनौँ लम्बिएको वार्ता र अमेरिकी माग पूरा गर्न कैयौँ देशहरूद्वारा अस्वीकारपछि उनको रणनीतिले दण्डात्मक मोड लिएको छ।

अमेरिकी कम्पनीहरू यसअघि पनि यस्तै अवस्थामा पुगेका थिए। पहिलो राष्ट्रपतीय कार्यकालमा ट्रम्पले चिनियाँ आयातमा ट्यारिफ लगाएपछि अमेरिकी कम्पनीहरूले बेइजिङसँगको आफ्नो कारोबार घटाउन सङ्घर्ष गर्नुपर्‍यो। त्यसबेला कैयौँ कम्पनीले चर्को आयात शुल्क छल्न आफ्नो उत्पादन भियतनाम, थाईल्यान्ड र भारतमा सारेका थिए।

तर ट्रम्पको नयाँ ट्यारिफले यी कुनै पनि अर्थतन्त्रलाई अलग राखेको छैन। नयाँ आयात शुल्क घोषणापछि शुक्रवार ताइवान र दक्षिण कोरियामा शेअर बजार सूचकाङ्क खस्किए र मानिसहरूले धमाधम शेअर बिक्री गरे। यी दुवै देशहरू एशियामा फैलँदो विद्युतीय सामग्री उत्पादनका केन्द्र हुन्। विस्तृत विवरणहरू अझै स्पष्ट भइसकेका छैनन्। तर अमेरिकी कम्पनी एपल देखि एनभिडिआसम्मले अब आफ्नो आपूर्तिमा थप खर्च गर्नुपर्ने भएको छ। किनभने यी कम्पनीहरूले धेरै एशियाली देशहरूबाट मुख्य सामग्रीहरू आयात गर्छन् र आफ्ना उपकरण पनि यही क्षेत्रमा जडान गर्छन्।

अब ती कम्पनीहरूका लागि अप्ठ्यारो थपिएको छ। आईफोनका लागि चिप्स, ब्याट्री, र आधुनिक जीवन चलाउन अत्यावश्यक अन्य धेरै साना तत्त्वहरू महँगो हुन सक्छन्।निर्यात र विदेशी लगानीका कारण अर्थतन्त्र बढाएका र धनी भएका एशियाली देशहरूका लागि यो राम्रो खबर होइन। जापानी कारदेखि दक्षिण कोरियाली विद्युतीय उपकरणहरू र ताइवानी चिप्ससम्म निर्यातका कारण फस्टाएका उद्योग हुन्।

यी सबै सामग्रीको बढ्दो मागले वासिङ्टनसँग यी देशहरूको व्यापार नाफामा थियो। एशियाली उत्पादनले अमेरिकी रोजगारी खोसिरहेको ट्रम्पको आरोप पछाडिको कारण पनि त्यही हो। गएको मे मा ट्रम्पले एपलका प्रमुख कार्यकारी अधिकृत टिम कुकलाई भनेका थिए, "तिमीले चीनमा कारखानाहरू बनाउँदा हामीले वर्षौँसम्म सहेरै बस्यौँ .... तिमीले भारतमा बनाउनु पनि हाम्रो रुचिको विषय होइन। भारतले आफ्नो चासो आफैँ हेर्न सक्छ।"

एपलको कुल आम्दानीको आधा कमाई चीन, भियतनाम र भारतमा उत्पादित आईफोनहरूको बिक्रीबाट आउँछायो विशाल प्रविधि कम्पनीले जुन महिना अगाडिका तीन महिनामा र ट्रम्पले ट्यारिफ घोषणा गर्नु अघिका तीन महिनासम्म भव्य आम्दानी गरेको थियो। तर अब त्यो आम्दानीको भविष्य अनिश्चित देखिन्छ।

यसका प्रमुख कार्यकारी टिम कुकले यसअघि एउटा सम्मेलनका क्रममा अमेरिकी ट्यारिफले एपलको खर्च अघिल्लो त्रैमासिकमा मात्रै ८० करोड अमेरिकी डलर बढेको बताएका थिए। त्यो खर्च त्यसपछिको त्रैमासिकमा १ अर्ब भन्दा धेरै हुने उनको आकलन थियो। प्रविधि कम्पनीहरूले एक वर्ष अघि नै आफ्नो योजना तयार गर्छन्। तर ट्रम्पको अप्रत्याशित ट्यारिफ नीतिले व्यवसायहरूलाई नराम्ररी असर पुर्‍याएको छायसको एउटा गतिलो उदाहरण अमेरिकामा बिक्री गरिने सामग्रीका लागि चीनमा निर्भर एमजनको अनलाइन बजार नै हो।

चीनबाट हुने आयातले अमेरिकामा कस्तो दरको आयात शुल्क बेहोर्नुपर्नेछ भन्ने कुरा अझै स्पष्ट छैन। त्यसका लागि वासिङ्टनसँग सम्झौता गर्न बेइजिङलाई १२ अगस्टसम्मको समयसीमा दिइएको छाचीन र अमेरिकाले ट्यारिफ युद्धको तनाव कम गर्ने सहमति गर्नु पूर्व दुवै पक्षले कतिपय सामग्रीमा १४५ प्रतिशतसम्म अत्यधिक कर तोकेका थिए।अब यो विषय चीनसँगको मात्रै विषय बनेको छैन ।



# भारतमा एक बेहुली, दुई बेहुला भएको 'अनौठो' विवाहबारे उठेका प्रश्न

बीबीसी

काठमाण्डु । भारतको हिमाचल प्रदेशस्थित सिरमौर जिल्लाको शिलाई गाउँमा हालै भएको एउटा 'अनौठो' विवाहबारे निकै चर्चा र बहस भइरहेको छ।

कुम्हाट गाउँकी सुनिता चौहानले दुई सहोदर दाजुभाइ प्रदीप नेगी र कपिल नेगीसँग एकैसाथ विवाह गरेकी हुन्।उक्त विवाह अनुसूचित जनजातिको दर्जा पाएको हाटी समुदायको एउटा प्रचीन बहुपति प्रथाअनुरूप भएको हो। त्यसलाई स्थानीय भाषामा 'जोडीदारा' वा 'जाजडा' भनिन्छ। उक्त विवाहमा सयौँ गाउँले तथा आफन्तहरू सहभागी भए। पारम्पारिक व्यञ्जन, लोकगीत तथा नृत्यले उक्त समारोहलाई स्मरणीय बनाएको थियो।

सांस्कृतिक परम्पराको उदाहरण बनिरहँदा उक्त विवाहबारे कैयौँ प्रश्न पनि खडा भएका छन्। बीबीसीले विवाहितका परिवारजनसँग यसबारे कुरा गर्ने कोसिस गरेको थियो तर बारम्बारको अनुरोधपछि पनि उनीहरूले कुनै टिप्पणी गरेनन्। दुलहाहरू र दुलहीको गाउँ १५ किलोमिटरको दूरीमा छ। उक्त क्षेत्र प्रदेश राजधानी शिमलाबाट करिब १३० किलोमिटरको दुरीमा पर्छ।

दुवै परिवार हाटी समुदायका हुन्। उक्त समुदायको मूल रूपमा सिरमौर जिल्लाको गिरीपार (गिरी नदीको पारि) क्षेत्रका अलावा उत्तराखण्डको जोनसार-बाबर तथा रवाई-जोनपुर क्षेत्रमा पनि बसोबास छायस समुदायमा बहुपति प्रथा लामो समयदेखि प्रचलनमा छ। परिवारमा एकता कायम राख्नु र पैतृक सम्पत्तिको भागबन्डा रोक्नु उक्त विवाहको उद्देश्य भएको यसका जानकारहरू बताउँछन्।

यस प्रथामा एक महिलाले दुई वा धेरै दाजुभाइसँग विवाह गर्छिन् र घरको जिम्मेवारी आपसी सहमतिमा पूरा गर्ने गरिन्छ। उक्त परम्परा सिरमौरका अलावा शिमला, किन्नौर तथा लाहौलका केही हिस्सामा समेत देख्न पाइन्छ। स्थानीय कपिल चौहान भन्छन्, "जोडीदारा प्रथा हाम्रो पहिचान हो। यो प्रथाले सम्पत्तिको भागबन्डा रोक्न, दाइजो प्रथाबाट जोगिन, दाजुभाइबीच एकता कायम राख्न तथा सन्तानको पालनपोषण गर्न मद्दत गर्छ।"

उनका अनुसार शिलाई क्षेत्रका लगभग हरेक गाउँमा चारदेखि छ परिवारले उक्त प्रथाको पालना गर्छन्।हालै चर्चामा आएको विवाहबारे सोधिएको प्रश्नमा चौहान भन्छन्, "मलाई धेरै अघिदेखि यसबारे थाहा थियो। यो अचानक भएको होइन। यो एउटा प्रथागत परम्परा हो। यो हाम्रा निम्ति गर्वको कुरा हो र दुलहादुलही तथा उनका परिवारजन यसप्रति सहज हुँदासम्म यो अरूको लेनादेनाको विषय होइन।"



उनले अगाडि भने, "यसलाई स्वीकार गर्नुपर्छ। मान्छेहरू लिभ-इन रिलेशनशिपप्रति पनि त सहज छन् नि।" बाह्र जुलाईदेखि सुरु भएको यस विवाह समारोहको एउटा पक्ष के पनि हो भने दुलही तथा उनका दुवै पति पढेलेखेका व्यक्ति हुन्। दुलही सुनीता आईटीआईमा पढेकी हुन्।

प्रदीप राज्य सरकारको जलशक्ति विभागमा काम गर्छन् भने कपिल विदेशमा हस्पिटालिटी क्षेत्रमा क्रियाशील छन्।

आफ्नो विवाहबारे सुनीताले बीबीसी हिन्दीसँग भनिन्, "यो मेरो आफ्नै निर्णय हो। मलाई उक्त परम्पराबारे थाहा थियो र मैले यसलाई अपनाएँ।"त्यस्तै प्रदीप भन्छन्, "हाम्रो संस्कृतिमा यसलाई विश्वास, हेरचाह र साझा जिम्मेवारीको सम्बन्धका रूपमा लिइन्छ।"

कपिलले भने, "विदेशमा बस्ने भए पनि म यो सम्बन्धप्रति प्रतिबद्ध छु र आफ्नी पत्नीलाई स्थिरता र प्रेम दिन चाहन्छु ।

"पारम्पारिक रमलसार पूजापद्धतिअनुरूप उक्त विवाह सम्पन्न गरियो। यस विधिमा अग्निको वरिपरि घुम्नेभन्दा त्यसको अघिल्तिर उभिएर कसम खाइन्छ। त्यसलाई 'सिन्ज' भनिन्छ।

'जोडीदारा' प्रथामा दुलहीको घरबाट दुलहाको घर जन्ती जान्छ। यसैले पनि उक्त प्रथालाई प्रचलितभन्दा भिन्न ठानिन्छ। हिमाचल प्रदेशमा यो प्रथा 'वजिब उल अर्ज' नामको औपनिवेशिक कालको राजस्व दस्तावेजमा दर्ता भएको पाइन्छ। उक्त दस्तावेजमा गाउँठाउँका सामाजिक तथा आर्थिक प्रथाहरूलाई दर्ता गर्ने गरिएको र त्यसले 'जोडीदारा'लाई हाटी समुदायको परम्पराको रूपमा मान्यता दिएको देखिन्छ।

उक्त प्रथाको उद्देश्य कृषियोग्य भूमिको बाँडफाँट रोक्नु र परिवारलाई एकताबद्ध राख्नु रहेको बताइन्छ।'हिन्दू विवाह अधिनियम'ले एकपत्नी विवाहलाई वैध मान्ने भएकाले यस किसिमका विवाहको कानुनी स्थितिलाई लिएर प्रश्न उठ्ने गर्दछ।

हिमाचल प्रदेश हाई कोर्टका अधिवक्ता सुशील गौतम भन्छन्, "दुवै विवाह एकैसाथ सम्पन्न हुने भएकाले हिन्दू विवाह अधिनियम, १९५५ को धारा ५ र भारतीय न्यायसंहिता बीएनएसको धारा ३२ लागु हुँदैन।" गिरीपार क्षेत्रमा यो प्रथालाई प्राचीन मानिन्छ। यसलाई महाभारतकी द्रौपदीको कथासँग पनि जोडिने भएकाले कैयौँले यसलाई 'द्रौपदी प्रथा' पनि भन्छन्।

हिमाचलका पहिलो मुख्यमन्त्री डा वाईएस परमारले आफ्नो पुस्तक 'पलियन्ड्री इन द हिमालयाज'मा यो प्रथाको सामाजिक तथा आर्थिक कारणहरूको विस्तारमा चर्चा गरेका छन्। उनका अनुसार, 'यो प्रथा पहाडी क्षेत्रका कठिन परिस्थितिहरूमा विकसित भयो, जहाँ सीमित कृषि भूमिलाई एकसाथ राख्न आवश्यक थियो।'

हाटी समुदायका विद्वान् तथा सामाजिक कार्यकर्ता अमिचन्द हाटी भन्छन्, "यस प्रथालाई सामाजिक स्वीकृति हासिल छ र यसले समुदायको एकता तथा परम्पराहरूलाई दर्शाउँछ। यसलाई सामुदायिक मूल्यहरूको संरक्षणका रूपमा हेरिनुपर्छ।"

केन्द्रीय हाटी समितिका महासचिव कुन्दनसिंह शास्त्रीका अनुसार यो प्रथा निकै पुरानो हो र परिवारलाई एकताबद्ध बनाइराख्नु यसको उद्देश्य हो। उक्त विवाहपछि सामाजिक र नैतिक बहस पनि सुरु भएको छ। केही मानिस यसलाई आपसी सहमति र व्यक्तिगत रोजाइको विषय ठान्छन् भने कतिपय सङ्गठनहरू महिला अधिकारविरुद्धको विवाह ठान्छन्।

अल इन्डिया डिमोक्र्याटिक विमिन्स असोसिएशनकी महासचिव मरियम धावले भन्छिन्, "यो प्रथाले महिलामाथि हुने शोषणलाई बढावा दिन्छ र उनीहरूको मौलिक अधिकारहरूको उल्लङ्घन गर्छ। "हिमाचल प्रदेशको सीपीआईएमका भूतपूर्व राज्यसचिव डा ओमकार शद पनि उक्त विवाहलाई संविधान र कानुनविपरीतको ठान्छन्।

तर हिमाचल प्रदेश सरकारका उद्योगमन्त्री तथा शिलाईका विधायक हर्षवर्धन चौहान भन्छन्, "यो शिलाईको पुरानो परम्परा हो। प्रदीप र कपिलले उक्त प्रथालाई जीवित राखेर आफ्नो सांस्कृति विरासतको सम्मान गरेका छन्।" 'जोडीदारा'बाहेक उक्त समुदायमा विवाहका चार अन्य पारम्पारिक प्रथाहरू पनि प्रचलनमा छन्।बालविवाहमा गर्भावस्थामै बच्चाको विवाह तय गरिन्छ। तथापि, हुर्केपछि निजको सहमतिपछि मात्रै विवाहको प्रक्रिया पूरा गरिन्छ।जाजडा विवाहमा वर पक्षले विवाहको प्रस्ताव गर्छ र सहमति प्राप्त भएपछि संस्कार पूरा गरिन्छ। यस प्रथामा पनि 'सिन्ज'को प्रक्रिया गरेर विवाह गरिन्छ। खिताइयो विवाह त्यस्तो परिस्थितिमा हुन्छ जब कुनै विवाहित महिलाले आफ्नो घरसँगको सम्बन्ध तोडेर दोस्रो विवाह गर्छिन्।कुनै महिलाले परिवारको इच्छाविपरीत गएर कुनै व्यक्तिसँग विवाह गरेमा त्यसलाई हार विवाह भनिन्छ। जानकारहरूका अनुसार 'जोडीदारा प्रथा' पहिलेको तुलनामा निकै कम भएको छासामाजिक कार्यकर्ता रमेश सिङ्टा भन्छन्, "यो प्रथा अब कुनुकुनै गाउँमा मात्रै देखिन्छ र धेरैजसो यस्ता विवाह बिनाहल्लाखल्ला गरिन्छ।"

> "जोडीदारा प्रथा हाम्रो पहिचान हो। यो प्रथाले सम्पत्तिको भागबन्डा रोक्न, दाइजो प्रथाबाट जोगिन, दाजुभाइबीच एकता कायम राख्न तथा सन्तानको पालनपोषण गर्न मद्दत गर्छ।"

तर हालै भएको विवाहले सामाजिक सञ्जाल र हाटी समुदायले प्राप्त गरेको अनुसूचित जनजातिको दर्जाका कारण मानिसहरूको व्यापक ध्यान तानेको छ।

हाटी समुदायको कुल जनसङ्ख्याबारे कुनै आधिकारिक तथ्याङ्क छैन तर सन् २०२०-२१ मा केन्द्र सरकारसमक्ष समुदायलाई अनुसूचित जनजातिमा सामेल गर्नुपर्ने माग राख्दा अनुमानित जनसङ्ख्या साढे दुई लाखदेखि तीन लाखको बीचमा भएको बताइएको थियो। त्यसमा सिरमौरको गिरीपार (गिरी नदीको पारिको) क्षेत्रका लगभग डेढदेखि दुई लाख मानिस सामेल छन्। सिरमौर जिल्लामा १५० भन्दा धेरै ग्राम पञ्चायत गिरीपार क्षेत्रमा पर्छन्। समुदायका केही मानिसका अनुसार उक्त क्षेत्रमा कहिल्यै स्थायी बजार थिएन र व्यापारका निम्ति मानिसहरू आसपासका इलाकाबाट आएर अस्थायी हाट लगाउने गर्थे। त्यसैले समयसँगै उक्त समुदायलाई हाटी भन्न थालियो।

सामाजिक कार्यकर्ता रमेश सिङ्टाका अनुसरा हाटी नाम स्थानीय हाटबजारमा घरेलु उत्पादन बेच्ने पुरानो परम्परासँग जोडिएको छ। उत्तराखण्डमा हाटी समुदायलाई जोनसारी समुदायको हिस्सा मानिन्छ र उनीहरूको परम्पराहरूमा पनि निकै समानता छ।

केन्द्र सरकारले हिमाचलको हाटी समुदायलाई अनुसूचित जनजातिको दर्जा दिएको थियो। तथापि, ज्यानुअरी २०२४ मा हिमाचल प्रदेश उच्च न्यायालयले 'गिरीपार अनुसूचित जाति सुरक्षा समिति'को एउटा निवेदनअनुरूप उक्त फैसलामाथि रोक लगाइदियो।हाटी समुदायलाई उक्त दर्जा दिँदा मौजुदा आरक्षण व्यवस्था प्रभावित हुन सक्ने र अनुसूचित जातिको अधिकारमा असर पर्न सक्ने उक्त समितिको तर्क थियो। यद्यपि, उक्त समुदायलाई अनुसूचित जनजातिको दर्जा प्राप्त भए पनि त्यसअनुरूपको सुविधा दिइएको छैन।उत्तराखण्ड (तात्कालिक उत्तर प्रदेश)का हाटी समुदायलाई सन् १९६७ मै अनुसूचित जनजातिको दर्जा दिइएको थियो।

# एआई२०२७ : के यसरी एआईले मानवतालाई नष्ट गरिदिन सक्छ?

बीबीसी

काठमाण्डु । सन् २०२७ मा आर्टिफिसल इन्टेलिजन्स (एआई) अनियन्त्रित हुने र एक दशकभित्रै मानवता नष्ट हुने कारण बन्न सक्ने भनी एउटा शोधपत्रले गरेको प्रक्षेपणले प्रविधि जगतमा हलचल मच्चाएको छ। एआई२०२७ भनिने विस्तृत परिदृष्यसहितको उक्त शोधपत्र प्रभावशाली एआई विज्ञहरूको समूहले प्रकाशित गरेको हो र त्यसयता त्यसको सम्भावनाबारे मानिसहरूबीच बहस हुनुका साथै त्यससम्बन्धी कैयौँ भिडिओ भाइरल भएका छन्। बीबीसीले उक्त परि दृष्यको उपयोग गर्दै चल्तीका 'जेनेरेटिभ एआई टुलहरू' प्रयोग गरेर सम्भावित परिदृश्यहरूको पुनःसिर्जना गरेको छ र विशेषज्ञहरूसँग उक्त शोधपत्रमा उल्लेखित कुराहरूको प्रभावबारे कुरा गरेको छ। उक्त शोधपत्रमा सन् २०२७ मा ओपनब्रेन भनिने एउटा काल्पनिक अमेरिकी प्राविधिक कम्पनीले एजीआई (आर्टिफिसल जेनरल इन्टेलिजन्स) सम्म पुग्ने एआई बनाउने अनुमान गरिएको छ। त्यो भनेको एआई क्षेत्रको त्यस्तो बहुचर्चित कोशेढुङ्गा हो जहाँ एआईले सबै किसिमका बौद्धिक कार्य मानिससमान वा मानिसले भन्दा पनि राम्रोसँग गर्न सक्छ। त्यसपछि उक्त कम्पनीले सार्वजनिक प्रेस सम्मेलन गरेर आफ्नो उपलब्धिको उत्सव मनाउँछ र मानिसहरूले उक्त एआईलाई अपनाउन थालेसँगै कम्पनीको नाफा आकासिन थाल्छ।

प्रोग्राम गरिएअनुरूपमा नैतिक मूल्यहरूतर्फ उक्त एआईको रुचि घटेको सङ्केत सो कम्पनीको आन्तरिक सुरक्षा समूहले प्राप्त गर्ने तर उक्त समूहद्वारा दिइने चेतावनीलाई कम्पनीले सुनेको नसुन्यै गर्ने उक्त शोधपत्रमा परिकल्पना गरिएको छ।

काल्पनिक समयरेखामा डीपसेन्ट भनिने चीनको अग्रणी एआई समूह ओपनब्रेनको तुलनामा केही महिनामात्रै पछाडि रहने छ।अमेरिकी सरकार उन्नत एआईको विकास गर्नेतर्फको होडमा पछाडि पर्न नचाहने भएकाले विकास र लगानी जारी हुने र होड झनै तीव्र हुँदै जाने परिकल्पना गरिएको छ। उक्त परिदृश्यमा सन् २०२७ को अन्त्यतिरको एउटा विन्दुमा उक्त एआई 'सुपरइन्टलिजेन्ट' वा सबैभन्दा बुद्धिमत्तापूर्ण अवस्थामा पुग्ने मात्र नभई त्यसका रचनाकर्ताका तुलनामा ज्ञान र गतिका हिसाबले निकै अघि पुग्ने कल्पना गरिएको छ।

त्यस्तै त्यसले सिक्न कहिल्यै नछाड्ने र आफूभन्दा अघिल्ला एआईहरूले समेत बुझ्न नसक्ने किसिमको तीव्र कम्प्युटर भाषाको सिर्जना गर्ने कल्पना गरिएको छ। एआई वर्चस्वका निम्ति र चीनसँग जारी प्रतिद्वन्द्वले उक्त कम्पनी र अमेरिकी सरकार 'मिस-अलाइनमेन्ट' का थप चेतावनीहरूलाई नजरअन्दाज गर्न प्रेरित हुने अनुमान गरिएको छ। कुनै मेसिनको प्राथमिकता मानवको प्राथमिकता अनुरूप नभएको अवस्थालाई व्याख्या गर्न उक्त 'मिस-अलाइनमेन्ट' शब्दावलीको प्रयोग गरिन्छ।

दुवै देशका एआई प्रतिद्वन्द्वीहरूले डरलाग्दा स्वायत्त हतियारहरू बनाउने हुँदा सन् २०२९ सम्ममा अमेरिका र चीनबीचको तनाव सम्भावित युद्धको हदमसम्म पुग्ने उक्त परिदृश्यले आकलन गरेको छ।

तर अनुसन्धानकर्ताहरूले दुवै देशले एआईहरूद्वारा गरिएका सम्झौताका माध्यमले शान्ति स्थापना गर्ने कल्पना गरेका छन् जसमा एआईहरूले मानव कल्याणका निम्ति एकापसमा गाभिने निर्णय लिएका हुन्छन्।कैयौँ वर्षसम्म संसारले अति बुद्धिमत्तापूर्ण एआईका वास्तविक फाइदाहरू देख्न पाउने छ। तिनले ठूलो सङ्ख्यामा रोबोटहरूलाई काममा लगाउने छन्।



उक्त परिदृश्यका अनुसार धेरैजसो रोगका उपचारहरू खोजिएको हुनेछ, जलवायु परिवर्तनको समस्या हल भएको हुनेछ र गरिबी उन्मुलन भएको हुनेछ। तर अन्ततः सन् २०३० को दशकको मध्यतिर कुनै विन्दुमा पुगेर एआईको विकासको महत्त्वाकांक्षामा मानव जाति अनावश्यक अवरोध बनेको ठानिने छ। शोधकर्ताहरूका विचारमा त्यसपछि एआईले अदृश्य जैविक हतियारहरूको प्रयोग गरेर मानिसहरूलाई मार्नेछ। केही मानिसहरूले विज्ञान-कथा भनेर एआई२०२७ लाई खारेज गरे पनि उक्त शोधपत्रका लेखकहरू निकै प्रतिष्ठित छन् र एआईको प्रभावबारे पूर्वानुमान गर्न बनाइएको गैरनाफामुलक 'एआई फ्यूचर प्रोजेक्ट'का हिस्सा हुन् । उक्त शोधपत्रका प्रमुख लेखक ड्यानिअल कोक्तजेलोले यसअघि एआईको विकासबारे सही पूर्वानुमान गरेको श्रेय पाएका छन्।एआई२०२७ का प्रमुख आलोचकमध्येका अमेरिकाका संज्ञानात्मक वैज्ञानिक तथा लेखक गेरी मार्कस उक्त परिदृश्य असम्भव नभए पनि छिट्टै त्यसो हुने सम्भावना निकै न्यून हुने बताउँछन्।

"उक्त दस्तावेजको राम्रो पक्ष भनेको के हो भने यसले परिदृश्यलाई जीवन्त तवरले प्रस्तुत गरेको छ। त्यसले मानिसहरूलाई उत्तेजित बनाएको छ र त्यो राम्रै पनि हो तर म त्यसलाई सम्भावित परिणामका रूपमा गम्भीरताका साथ लिन्नँ।"अस्तित्वगत खतराभन्दा रोजगारीमा पर्ने असरजस्ता एआईसम्बन्धी मुद्दाहरू अहिले ज्वलन्त रहेको उनी बताउँछन्।"मलाई लाग्छ यसबाट हामीले एआईसम्बन्धी प्रशस्त र भिन्नभिन्न कुराहरू गलत बाटोमा जान सक्छन् भन्ने बुझ्नु पर्छ। के हामी यसका नियमन र अन्तर्राष्ट्रिय सन्धिहरूबारे ठिक काम गरिराखेका छौँ?"

उनी र अन्य आलोचकहरूले एआईले बुद्धिमत्ता र क्षमतामा कसरी त्यत्रो छलाङ मार्न सक्छ भन्नेबारे व्याख्या गर्न उक्त शोधपत्र विफल देखिएको बताएका छन्। त्यसो भन्दै गर्दा उनीहरूले सुस्त र अक्सर बढाइचढाई गर्ने गरिएको चालकरहित कारसम्बन्धी प्राविधिक विकासतर्फ सङ्केत गर्छन्। किङ्स कलेज लन्डनका अर्थशास्त्र र नवप्रवर्तन विषयकी सहायक प्राध्यापक तथा चिनियाँ प्रविधि विषयकी विज्ञ डा यूनडान गोङ चीनमा उक्त शोधपत्रको निकै कम प्रभाव परेको बताउँछिन्।

"धेरैजसो चर्चा अनौपचारिक मञ्च तथा निजी ब्लगहरूमा भइरहेको छ जसमा यसलाई अर्ध-विज्ञान कथाका रूपमा हेरिएको देखिन्छ। अमेरिकामा जस्तो व्यापक बहस भएको वा नीतिगत तहको ध्यान तानेको देखिँदैन," उनले भनिन्।

त्यसका साथै डा गोङ एआई वर्चस्वतर्फको होडलाई हेर्ने चीन र अमेरिकाको दृष्टिकोणमा भिन्नता रहेको औँल्याउँछिन्।यो साता साङ्घाईमा भएको विश्व एआई सम्मेलनमा प्रधानमन्त्री ली चियाङले एआईबारे विश्वव्यापी साझेदारी बढाउनेतर्फ काम गर्ने देशहरूको अवधारणा सार्वजनिक गरे। उनले उक्त प्रविधिलाई नियमन र समन्वय गर्नेबारे चीनले सहयोगी भूमिका निर्वाह गर्न चाहेको बताए।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले एआईमा अमेरिकी 'प्रभुत्व' सुनिश्चित गर्ने उद्देश्यसहितको एआई कार्ययोजना सार्वजनिक गरेको केही दिनपछि चिनियाँ प्रधानमन्त्रीको उक्त भनाइ आएको हो। "निर्विवाद र चुनौतीरहित विश्वस्तरको प्राविधिक प्रभुत्व हासिल गर्नु र त्यसलाई कायम राख्नु अमेरिकाको राष्ट्रिय सुरक्षाका निम्ति अत्यावश्यक छ," ट्रम्पले आफ्नो दस्तावेजमा भनेका छन्।उक्त कार्ययोजनाले अमेरिकामा एआईलाई अघि बढाउन ''प्रशासनिक झमेला र बोझिला नियमहरूलाई हटाउने' उद्देश्य राखेको छ।'

यी शब्दहरूले अचम्मसँग एआई२०२७ को कथानकलाई पच्छ्याउँछन् किनकि उक्त परिदृश्यमा अमेरिकी राजनीतिज्ञहरूले मेसिनमाथिको नियन्त्रण गुमाउँदा हुने कुनै पनि जोखिमको तुलनामा एआईको होडमा बाजी मार्ने कुरालाई प्राथमिकतामा दिन्छन्। एआईका एकपछि अर्को उन्नत मोडल जारी गर्न एकअर्कासँग प्रतिस्पर्धा गरिरहेका ठूला एआई कम्पनीका सीईओहरूले निकै हदसम्म उक्त शोधपत्रलाई नजरअन्दाज वा बेवास्ता गरिराखेको देखिन्छ।एआईको भविष्यबारे प्राविधिक क्षेत्रका यी धुरन्धरहरूको दृष्टिकोण एआई२०२७ले प्रस्तुत गरेको भन्दा निकै भिन्न छ।

च्याटजीपीटीका निर्माता साम अल्टम्यानले हालै "मानवता 'डिजिटल सुपरइन्टेलिजन्स' निर्माणको निकट पुगेको र त्यसले शान्तिपूर्ण प्राविधिक क्रान्तितर्फ डोर्‍याउनुका साथै मानिसहरूमाथि खतरा पैदा नगरी प्रविधिको आदर्श स्थिति निम्त्याउने" बताएका थिए।तर रोचक कुरा के हो भने उनी पनि 'अलाइनमेन्ट' मा समस्या भएको स्वीकार्छन् र बुद्धिमत्तापूर्ण मेसिनहरू मानवताको सर्वोत्तम इच्छाअनुरूप हुने सुनिश्चित गर्न उक्त समस्याबाट पार पाउनु पर्ने बताउँछन्। अर्को दस वर्षमा परिस्थिति जे भए पनि हामीभन्दा तेज मेसिन बनाउने होड जारी रहनेमा चाहिँ कुनै शङ्का छैन ।

# रुसका पूर्व राष्ट्रपतिले के भने जसकारण ट्रम्पले 'परमाणु पनडुब्बी' खटाए

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भनेका छन् उनले दुईवटा 'परमाणु पनडुब्बी'हरूलाई 'उचित क्षेत्रमा खटाउन' आदेश दिएका छन्।

रुसका पूर्व राष्ट्रपति डिमित्री मेदभेदेभको 'अति उत्तेजक' टिप्पणीको जबाफमा आफूले उक्त आदेश दिएको उनको भनाइ छाट्रम्पका अनुसार "कतै ती शब्द केवल मूर्खतापूर्ण अनि भड्काउने उद्देश्यले निहीत मात्रै नहोलान्" भनेर उक्त कदम चालिएको हो। "शब्दहरू धेरै महत्त्वपूर्ण हुन्छन्। तिनले अक्सर नचाहेको परिणाम ल्याउँछन्। मेरो आशा छ यो घटना त्यस्तो नहोस्।" उनले ती पनडुब्बी कता खटाइने छन् भनेर भनेका छैनन्। अमेरिकी सैन्य प्रोटोकलले पनि यस्ता कुरा गोप्य नै राख्छन्।

युक्रेनमा युद्धविराम गर्न वा कठोर आर्थिक प्रतिबन्ध बेहोर्न ट्रम्पले दिएको चेतावनीको प्रतिक्रियास्वरूप हालसालै मेदभेदेभले अमेरिकालाई धम्की दिएका थिए। रुस र अमेरिकासँग संसारमै सबभन्दा धेरै सङ्ख्यामा परमाणु अस्त्र छन्। दुवै देशसँग परमाणु अस्त्रले सुसज्जित पनडुब्बीहरू छन्।

शुक्रवार सामाजिक सञ्जाल ट्रुथ सोसलमा पोस्ट गर्दै ट्रम्पले लेखेः "रुसका पूर्व राष्ट्रपति डिमित्री मेदभेदेभ, जो अहिले रुसी महासङ्घका सुरक्षा परिषदका उपाध्यक्ष छन्, उनले गरेको अति उत्तेजक टिप्पणीपछि मैले दुईवटा परमाणु पनडुब्बीलाई उचित क्षेत्रमा खटाउन आदेश दिएको छु।"

अमेरिकी राष्ट्रपतिले उनले खटाउन आदेश दिएका छन ।

# लोथर-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन बिछ्याउने परियोजना सुरु



चितवन । चितवनको राप्ती नगरपालिका-१ लोथरदेखि बाराको अमलेखगञ्जसम्म ६२ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन बिछ्याउने परियोजनाको सुरु गरिएको छ।

नेपाल आयाल निगमले सो परियोजनाका लागि शुक्रबार लोथरमा फिल्ड कार्यालय स्थापना गरेसँगै झण्डै १५ अर्बको परियोजना सुरु भएको जनाएको छ।

परियोजना प्रमुख इन्जिनियर प्रदिपकुमार यादले ५४ महिनाभित्र पाइपलाइन परियोजना सक्ने लक्ष्य रहेपछि ३६ महिनाभित्र नै सक्ने गरी काम अगाडि बढाइने बताए। 'देशको रणनीतिक र अति नै महत्वपूर्ण परियोजना भएकोले यसको गतिमा अब कमी हुँदैन, शनिबारबाट नै फिल्डमा काम देख्नसक्नुहुन्छ', परियोजना प्रमुख यादवले भने, 'डीपीआर बनाउने, कागजी प्रक्रियाले समय लियो, अब सबै सकिएको छ काम फटाफट अगाडि बढ्छ, आईओसीसँग समन्वय गर्ने काम सुरू हुन्छ। '

यो परियोजनाको निर्माण भारतीय आयल निगमले गर्नेछ। कुल १५ अर्ब रकम मध्ये ५ अर्ब भारतीय आयल निगमको र १० अर्ब नेपाल आयल निगमले खर्च गर्ने गरी २०८१ असोज १७ मा सम्झौता भएको थियो। पाइपलाइनका लागि ४ अर्ब २८ करोड ८० लाख र लोथरमा निर्माण हुने भण्डारगृहसहितको ग्रीन फिल्ट टर्मिनलका लागि ९ अर्ब ८० करोड ८० लाखभन्दा बढि खर्च लाग्ने निगमले जनाएको छ।

भारतसँग २०८० जेठ १८ मा अमलेखगञ्ज लोथर पेट्रोलियम पाइप र लोथरमा भण्डारगृहसहितको अत्याधुनिक सुविधा सम्पन्न डिपो निर्माण गर्ने सहमति भएको थियो। सोही समझदारीका आधारमा २०८१ असोज १७ गते नेपाल आयल निमग र भारतीय आयल निगमका बीचमा बिटुबी सम्झौता भएको थियो । सोही सम्झौताका आधारमा भारतीय आयल नियमले विस्तृत परियोजना प्रतिवेदन तयार गरेको थियो।

परियोजना प्रमुख यादवले पाइपलाइनदेखि डिपोसम्मको सबै काम भारतीय आयल निगम र उसका विज्ञहरुले गर्ने जानकारी दिए। आयल निमगले दिने १० अर्ब रकम पनि भारतीय आयल निगमलाई निर्माणका क्रममा विभिन्न फेजमा दिने सहमती भएको छ। लोथरमा बन्ने डिपो देश कै हालसम्मको सबैभन्दा ठूलो हुने निगमले जनाएको छ।

लोथरमा एक सय ६० वर्गमिटरको क्षेत्रफलमा पाइपलाइन स्टेशन निर्माण हुनेछ । त्यसका लागि २३ विगाहा १२ कठ्ठा जग्गा निगमले खरिद गरेको थियो । आयल निगमको जग्गा खरिदको विषय निकै पेचिलोसमेत बनेको थियो। निगमले लोथरमा डिपो राख्न जग्गा खरिद गर्ने भएपछि निगमका केही ब्यक्तिहरुले नै विचौलिया खडा गरी स्थानीयसँग ८ लाख प्रति कठ्ठामा जग्गा खरिद गरी १६ लाख प्रतिकठ्ठामा निगमलाई बेचेका थिए।

अझै ३ विगाहा जग्गा निगमको नाममा आउन बाँकी नै छ। सस्तो जग्गा बिचौलियासँग सेटिङ गरेर महँगोमा किनेको भनेर निगमको आलोचना भएपछि यो विषय अख्तियारसम्म पुगेको थियो। निमगले ६० करोड रकम २३ विगाहा जग्गाको मुअब्जामा खर्चिएको छ भने १० करोड रकम तिर्न बाँकी छ।

परियोजना प्रमुख यादवले जग्गाको विषय लगभग सल्टिएको बताए । 'केही जग्गा लिन बाँकी छ, यहाँ जग्गा भएका तर विदेशमा रहेका कारणले पास हुन ढिलाइ भयो, सबै मिलिसकेको छ, चाँडै नै पास गरेर लिन्छौं' परियोजना प्रमुख यादवले भने, 'स्थानीयहरूका विषय र मुद्दा पनि सल्टिएका छन्, सबै जना खुसी हुनुहुन्छ।'

**कस्तो बन्छ परियोजना ?**

लोथरमा अत्याधुनिक सुविधासहित पछिल्लो प्रविधीमा आधारित ग्रीन फिल्ड टर्मिनल बन्ने परियोजना प्रमुख यादवले बताए।

टर्मिनल पूर्ण रुपमा स्वचालित प्रणालीबाट चल्ने हुने यादवको दावी छ । यादव कै नेतृत्वमा भारतको मोतिहारीदेखि बाराको खमलेखगन्जसम्मको ६९ किलोमिटर लामो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना २०७६ मा (१५ महिना मै) सकिएको थियो।

अब भने बाराको अमलेखगञ्जबाट पूर्वपश्चिम महेन्द्र राजमार्गसँगै समानान्तर हुने गरी ६२ किलोमिटर लामो १०.७५ इन्चको पाइपलाइन बिछ्याइने छ। अहिले अमलेखगञ्जको पाइपमा टि सकेट जडान गरेर लोथरसम्म ल्याइने परियोजना प्रमुख यादवले बताए।

पाइपलाइनबाट २७३ किलोलिटर प्रतिघण्टाको गतिमा तेल आपूर्ति गर्न सकिने निगमका सहायक प्रबन्धक अनुपम पराजुलीले बताए । उनका अनुसार ६२ किलोमिटर लामो पाइपलाइनमा जुनसुकै बेला पनि ३२ सय किलोलिटर इन्धन भण्डारण भैरहेको हुनेछ ।पाइपलाइनबाट वार्षिक २० मिलियन टन इन्धन ढुवानी गर्न सकिन्छ । पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीन वटा भर्टिकल ट्याङ्की, डिजेलका लागि १५ हजार ५ सय किलोलिटर भण्डारण क्षमताका तीन वटा र मट्टितेलका लागि ८ सय किलोलिटर क्षमताका दुई वटा टयाङ्की निर्माण गरिनेछ।

हवाई इन्धनका लागि ३ हजार ६ सय किलोलिटर क्षमताका तीन वटा टयाङ्की निर्माण गरिने निगमले जनाएको छ । लोथरमा बन्ने नयाँ डिपोमा सबै गरेर ९१ हजार ९०० किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण हुनेछ। यसबाहेक एउटै पाइपका कारण पेट्रोल, मटिट्टतेल तथा डिजेल र हवाई इन्धन पठाउँदा मिक्स हुन सक्ने पेट्रोलियम पदार्थ राख्नका लागि दुई वटा ट्रान्समिक्स टयाङ्की पनि बनाइने निमगले जनाएको छ।

एउटाको क्षमता २ सय ५० किलोलिटर रहनेछ। यसैगरी ४ वटा भूमिगत टयाङ्की पनि निर्माण हुनेछन्। पेट्रोल, डिजेल, मट्टितेल तथाहवाईइन्धनकालागि५०/५० किलोलिटर क्षमताका भूमिगत टयाङ्की बनाइने निगमले जनाएको छ ।आइओसीको मोतिहारी डिपोमा रहेको पम्प हाउसबाटै लोथरसम्म पाइपलाइनका लागि पेट्रोलियम पदार्थ पम्पिङ गर्ने व्यवस्था हुने परियोजना प्रमुख यादवले बताए।

पहिलोपटक हवाई इन्धन पाइपलाइनमा आउने

मोतिहारी अमलेखगञ्ज पाइपलाइनबाट अहिलेसम्म पेट्रोल, मटिट्टतेल र डिजेल ल्याउने गरिएको भए पनि हवाई इन्धन भने ट्र्यांकरबाट नै ल्याउने गरिएको छ। तर, यो पाइपलाइन विस्तार गरेपछि भने हवाई इन्धन पनि पाइपलाइनबाट आउने निगमले जनाएको छ।

काठमाडौं बाहिर पहिलोपटक हवाई इन्धन पनि भण्डार गर्ने टयाङ्की लोथरमा रहने निगमले जनाएको छ । हवाई इन्धनका लागि ३ हजार ६ सय किलोलिटर क्षमताका तीन वटा टयाङ्की निर्माण गरिने निगमले जनाएको छ । तिनमा १० हजार ८ सय किलोलिटर स्टोरेज हुनेछ । देशका अन्य विमानस्थलमा लोथरबाट हवाई इन्धन लैजान सहज हुने विश्वास निगमले लिएको परियोजना प्रमुख यादवले बताए।

के छन् फाइदा ?

पाइपलाइन परियोजनाबाट पेट्रोलिमय पदार्थ ढुवानी गर्दा वातावरणीयप्रभावन्यून हुने, पेट्रोलिमय पदार्थको चोरी तथा मिसावट कम हुने, लागत घट्ने आयल निगमले जनाएको छ। 'काठमाडौंबाट एक ट्यांकर तेल ल्याउँदा ढुवानी खर्च मात्रै १ लाख ६० हजार हुन्छ तर अब लोथरबाट काठमाडौं लैजान परे त ५०/६० हजार मै हुन्छ' परियोजना प्रमुख यादवले भने, 'एकातिर सस्तो पर्न जाने भयो, अर्कोतिर ट्यांकरको पार्टसदेखि समय सबै वचत हुने भयो। लोथरबाट देशका अन्य भागमा लैजान पनि सहज हुने भयो।'

सडकमा टयाङ्करहरुको चाप पनि कम हुने, टयाङ्करका पार्टसहरु चाँडै फेर्नुपर्ने अवस्थामा कमी हुनुनका साथै सडकमा दुर्घटना समेत कमी हुने विश्वास आयाल निगमले लिएको छ ।लोथरमा परियोजना बन्दा स्थानीयलाई रोजगारी तथा आयआर्जनसमेत हुने निगमको भनाइ छ । परियोजना प्रमुख यादवले परियोजना सञ्चालन पछि स्थानीयलाई रोजगारीदेखि उत्पादनको उपभोगसम्म हुने र लोथर क्षेत्र गुल्जार हुने बताए।

निगमका उपनिर्देशक रामहरि निरौलाले निर्धारित समयमै परियोजना सम्पन्न हुने उल्लेख गर्दै टयाङ्करबाट इन्धन ढुवानी गर्ने समय विस्तारै हट्दै जाने विश्वास व्यक्त गरे । राप्ती नगरपालिका-१ का वडाध्यक्ष सिद्धलाल स्याङ्तानले चितवनकै गौरवको परियोजना यस क्षेत्रमा कार्यान्वयनमा आउँदा स्थानीय खुसी भएको बताए ।उनले राप्तीको लोथर क्षेत्रको आर्थिक आयआर्जन र जीविकोपार्जनमा सहज हुने बताए ।रासस

## विदेशमा नेपाली कामदार :
# श्रम समान, ज्याला किन फरक ?



काठमाण्डु । वैदेशिक रोजगारीका विभिन्न देशमा रहेका लाखौं नेपालीले 'समान कामको समान ज्याला' भन्ने सिद्धान्त सुनेको दशकौं भइसक्यो। तर, व्यवहारमा यो सिद्धान्त लागु भएको नेपाली कामदारले अझै अनुभव गर्न पाएका छैनन्।

मलेसिया तथा खाडी मुलुकहरूमा लाखौं संख्यामा रहेका नेपाली कामदार ती देशमा विभिन्न खालका विभेदको शिकार बनिरहेका छन् । उनीहरू अन्य देशका नागरिकको तुलनामा कम ज्यालामा काम गर्न बाध्य छन् ।श्रम गन्तव्य देशहरूले कागजमा न्यूनतम ज्याला र सुधारका प्रयास देखाए पनि व्यवहारमा नेपाली श्रमिकमाथि राष्ट्रियताका आधारमा हुने विभेद गहिरो छ।

कमजोर श्रम कूटनीति, अदक्ष जनशक्ति र गन्तव्य मुलुकको विश्व राजनीतिमा नेपालको कमजोर प्रभावका कारण नेपालीले समान श्रम गर्दा पनि असमान ज्याला पाइरहेका छन्। जुन उनीहरूको दैनिक जीवन र भविष्यसँग प्रत्यक्ष जोडिएको छ ।हाल ३० देखि ४० लाख नेपाली वैदेशिक रोजगारीमा छन् भने ७० लाखभन्दा बढीले वैदेशिक रोजगारीको अनुभव गरिसकेका छन्। ठूलो संख्यामा रहेका श्रमिकमध्ये धेरैले फिलिपिन्स, भारत र कतिपय अवस्थामा बंगलादेशका नागरिकभन्दा पनि कम तलब र सेवा-सुविधामा चित्त बुझाउनु परिरहेको छ।

नेपालमा एउटा सम्झौता गरेर जाने र गन्तव्य मुलुक पुगेपछि अर्कै, कम तलबको सम्झौतामा हस्ताक्षर गर्न बाध्य पारिने समस्याले यो असमानता थप जटिल बनाएको छ।

वैदेशिक रोजगारीमा जाने श्रमिकसँग एक खालको सम्झौता गरिन्छ । नेपालबाट विदेश पुगिसकेपछि त्यो सम्झौता अनुसार तलब पाउँदैनन्। त्यसरी सेवा सुविधा नपाएको भन्दै वैदेशिक रोजगार विभागमा उजुरी गर्न धेरै संख्यामा आउने गरेका छन्।

मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) ले गरेको अध्ययन अनुसार नेपाली श्रमिक न्यूनतम सेवा सुविधा पाउनबाट वञ्चित देखिएका छन् । निःशुल्क कानुनी सहायताका लागि आएका ३ सय श्रमिकमा गरिएको अध्ययन क्रममा समेत त्यस्तो देखिएको थियो ।उनीहरूले विदेशमा तलब नपाएको, भिसासम्बन्धी समस्या रहेको, समान व्यवहार नहुने, पासपोर्ट रोजगादरदाताले नै राख्नेजस्ता समस्या रहेको बताएका थिए।

> नेपालबाट विदेश पुगिसकेपछि त्यो सम्झौता अनुसार तलब पाउँदैनन् । त्यसरी सेवा सुविधा नपाएको भन्दै वैदेशिक रोजगार विभागमा उजुरी गर्न धेरै संख्यामा आउने गरेका छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा विदेशबाट १ सय ६९ जनाको उद्धार गरिएको थियो ।विभागको राहत तथा उद्धार शाखा निर्देशक लवराज जोशीका अनुसार सेवा सुविधा नपाएको, काम नपाएको भन्दै उजुरी दिनेको संख्या निकै बढी छ।

त्यसरी उजुरी आएको खण्डमा विभागले म्यानपावर कम्पनी बोलाएर उतै व्यवस्थित गराउने र उद्धार गरेर नेपाल ल्याउने गरिएको जोशीले बताए।

**विभेदका अनेक पत्र : राष्ट्रियतादेखि आप्रवासी-आप्रवासीसम्म**

विज्ञका अनुसार नेपाली श्रमिकले भोग्नुपरेको ज्याला विभेद बहुस्तरीय छ। अन्तर राष्ट्रिय श्रम संगठन (आईएलओ) ले अन्तर राष्ट्रिय श्रमिक मापदण्ड र श्रम बसाइँसराइबारे विभिन्न मापदण्ड तय गरेको छ ।आईएलओ कन्स्टिच्युसन १९१९, आर्टिकल २ ले अन्तर राष्ट्रिय श्रम मापदण्ड सबै कामदारका हकमा लागु हुने भनेको छ । रोजगारीका लागि बसाइँसराइ महासन्धि १९४९ (सी-९७), आप्रवासी कामदार (पूरक प्रावधान) महासन्धि १९७५ (सी-१४३) ले समेत राष्ट्रियताका आधारमा कुनै पनि श्रमिकमाथि विभेद गर्न नहुने भन्ने उल्लेख छ। तर, आप्रवासी श्रमिकमाथि विभेद हुने गरेको विभिन्न अध्ययनले देखाएका छन्।

श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले गन्तव्य मुलुकका नागरिक र आप्रवासी श्रमिकबीच ठूलो खाडल रहेको बताए।'एउटै पदमा, एउटै ठाउँमा काम गर्ने त्यहाँको नागरिक र आप्रवासीको ज्याला फरक हुन्छ,' नेपाल भन्छन्, 'कागजमा नभए पनि व्यवहारमा यो विभेद स्पष्ट छ। यो राष्ट्रियतामा आधारित विभेद हो, जुन अन्तर्राष्ट्रिय श्रम मापदण्ड विपरीत छ।'

विभेदको दोस्रो र अझै चिन्ताजनक पत्र आप्रवासी-आप्रवासीबीच नै देखिन्छ। नेपालका अनुसार एउटै क्याम्पबाट, एउटै बसमा चढेर, एउटै निर्माण साइटमा, एउटै प्रकृतिको काम गर्ने विभिन्न देशका श्रमिकको तलबमा आकाश-जमिनको फरक छ।'एउटै काम गर्ने फिलिपिनोले करिब १ हजार रियाल पाउँदा, भारतीयले ९ सय, नेपालीले ८ सय र बंगलादेशीले लगभग ७ सय रियाल पाउँछन्,' नेपालले आफ्नो अध्ययन क्रममा भेटिएको रिपोर्टबारे भने।

**ज्यालामा असमानता किन ?**

नेपाली श्रमिकले कम ज्याला पाउनुमा अदक्षता, कमजोर श्रम कूटनीतिदेखि देशको भूराजनीतिक हैसियतसम्मका कारण जिम्मेवार छन् ।आप्रवासन विज्ञ डा. मीना पौडेलका अनुसार कुनै पनि देशका श्रमिकले पाउने ज्याला त्यो देशको विश्व राजनीतिमा भएको हैसियतले निर्धारण गर्छ।

'फिलिपिन्सले आफ्ना श्रमिकका लागि यो-यो सुविधा नभई नपठाउने अडान राख्छ, किनभने उसको बार्गेनिङ पावर बलियो छ,' उनी भन्छिन्, 'हाम्रो श्रम कूटनीति कमजोर छ। हाम्रो मान्छे लाँदैन कि भन्ने डरले हामी रोजगारदातासँग खुलेर बोल्न सक्दैनौं ।'नेपालबाट जाने अधिकांश श्रमिक अदक्ष हुन्छन् । उनीहरूसँग भएको सामान्य सिपको पनि अन्तर्राष्ट्रिय स्तरमा प्रमाणीकरण नहुँदा त्यसले मान्यता नपाउने अर्का श्रम विज्ञ जीवन बानियाँ बताउँछन्।

'यहाँबाट एउटा सिप सिकेर गए पनि उताको प्रविधि फरक हुँदा त्यो काम लाग्दैन। हाम्रो सिप प्रदान गर्ने पूर्वाधार र गन्तव्य मुलुकको मागबीच तालमेल नै छैन,' बानियाँले भने।

नेपालले विभिन्न देशसँग द्विपक्षीय श्रम सम्झौता गरे पनि त्यसको कार्यान्वयन पक्ष फितलो छ । अधिवक्ता सोम लुइँटेलका अनुसार मौरिसस र जोर्डनसँगको सम्झौतामा 'त्यहाँका नागरिक सरह व्यवहार गरिने छ' भन्ने उल्लेख छ, तर मलेसिया र यूएईसँगको सम्झौतामा 'अरू आप्रवासी सरह व्यवहार गरिने छ' भनिएको छ, जसले विभेदको ढोका खुला राख्छ।

यसमाथि म्यानपावर कम्पनीहरूले एउटा तलब देखाएर पठाउने र गन्तव्य मुलुकमा अर्कै सम्झौता गराउने 'कन्ट्र्याक्ट सब्स्टिच्युसन' को समस्या विकराल छ।

गन्तव्य मुलुकको अवस्था : कतै सुधार, कतै अलमल

कतारले सबै आप्रवासीका लागि भेदभावविना न्यूनतम ज्याला (१ हजार रियाल, खाना र आवास भत्ताबाहेक) तोकेको छ। तर, यसको कार्यान्वयन फितलो रहेका कारण धेरैले तोकिएको तलब समेत पाएको देखिँदैन।

साउदी अरबले राष्ट्रिय न्यूनतम ज्याला तोकेको छैन। नेपाल सरकारसँगको सम्झौता अनुसार अदक्ष नेपालीको न्यूनतम तलब हालै एक हजार ३ सय रियाल (तलब १ हजार र खाना ३ सय) पुऱ्याइएको छ। तर फिलिपिनो घरेलु कामदारको तलब १ हजार ५ सय रियाल तोकिएको छ।

त्यस्तै संयुक्त अरब एमिरेट्स (यूएई) ले समेत एकीकृत न्यूनतम ज्यालादर तोकेको देखिँदैन । तर, नेपाल सरकारले हालै गरेको निर्णय अनुसार यूएई जाने अदक्ष नेपालीको न्यूनतम तलब १ हजार ४ सय दिराम (तलब १ हजार र खाना ४ सय) तोकेको छ ।नेपालले यूएईका लागि न्यूनतम ज्याला तोक्ने जस्ता सकारात्मक कदम चाले पनि असमानताको बृहत समस्या समाधान गर्न थप पहल आवश्यक छ।

श्रम मन्त्रालयका अधिकारीहरू गन्तव्य देशले चासो देखाए 'फ्लोर वेज' (न्यूनतम आधारभूत तलब) बारे छलफल गर्न तयार रहेको बताउँछन् । श्रम सम्झौता क्रममा नै नेपालले न्यूनतम ज्याला र सम्बन्धित देशका नागरिक सरहकै सेवा सुविधाको सुनिश्चतता गर्ने गरी अघि बढ्दै आएको श्रम मन्त्रालयका एक अधिकारीको भनाइ छ।

तर, त्यसको कार्यान्वयनको पाटो कमजोर देखिएको ती अधिकारीले समेत स्वीकारे ।दुई देशबीचको प्राविधिक समिति बैठकमा श्रम सम्झौता कार्यान्वयन, यसमा देखिएका चुनौती लगायत विषयमा छलफल समेत हुने गरेको ती अधिकारीको भनाइ छ।

आप्रवासन विज्ञ पौडेलले बलियो श्रम कूटनीति स्थापित गर्नुपर्नेमा जोड दिइन् । द्विपक्षीय सम्झौतामा राष्ट्रियताका आधारमा भेदभाव गर्न नपाइने र न्यूनतम ज्यालाको स्पष्ट प्रावधान राख्न कूटनीतिक पहल बढाउनुपर्ने उनको भनाइ छ ।रासस

# माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माण प्रक्रिया सुरु

काठमाण्डु । ९०० मेगावाटको माथिल्लो कर्णाली जलविद्युत आयोजनाको निर्माण प्रक्रिया सुरु भएको छ।

आयोजना प्रस्ताव भएको करिब दुई दशकपछि निर्माण प्रक्रिया अघि बढेको हो । आयोजना बनाउन छनोट भएको गान्धी मल्लिकार्जुन राव (जीएमआर)ले टेन्डर प्रक्रिया अघि बढाएको छ।

सन् २००६ मा परिकल्पना गरिएको भए पनि आयोजना बनाउनको लागि लगानी जुट्न नसक्दा अघि बढ्न सकेको थिएन।

तर लामो समयदेखि रोकिएको आयोजनाका लागि जीएमआर गत असार २४ मा बोलपत्र आह्वान गरिसकेको छ । बोलपत्र अनुसार बोलपत्र पेस गर्ने अन्तिम मिति साउन १५ गतेसम्म थियो।

बोलपत्र सूचनाअनुसार आयोजनालाई तीन प्याकेजमा विभाजन गरिएको छ। पहिलो प्याकेजमा २ हजार ४३१ मिटर लामो पहुँच सडक सुरुङको निर्माण गर्ने भनिएको छ। दोस्रो प्याकेजमा बाँध स्थल नजिक कर्णाली नदीमाथि १ सय ५० मिटर लामो आरसीसी/स्टिल पुलको डिजाइन तथा निर्माण गर्ने भनिएको छ । तेस्रो प्याकेजमा हेडवर्क्स साइटमा करिब ७ किलोमिटर लामो पहुँच सडक निर्माण गर्ने गरी प्याकेज बनाइएको जीएमआर कम्पनीले जनाएको छ।

जीएमआरका सीओई प्रमुख सुबेन्दु रायले कम्पनीले आयोजना निर्माणको प्रक्रिया अघि बढाएको स्वीकार गरे । उनले आयोजना अघि बढाउनका लागि केही अनुमति आवश्यक रहेको भन्दै तत्काल पूर्ण अनुमति दिए काम अघि बढाउन तयार रहेको बताए।

उनले भने, 'कम्पनीले लगानी सुनिश्चित गरी निर्माण कार्य प्रक्रिया अघि बढाएको छ। तर नेपाल सरकारले पूर्ण रूपमा स्वीकृत दिएको छैन। कम्पनी छनोट मात्रै गरेको छ। पूर्ण स्वीकृत गरी अदालत प्रक्रिया समाधान भएसँगै थप काम अघि बढाउने पक्षमा छौं।'

यता, लगानी बोर्डले पनि माथिल्लो कर्णाली जलविद्युत आयोजनाको काम अघि बढेको जनाएको छ । यद्यपि, आयोजना सम्बन्धी केही महत्त्वपूर्ण निर्णयहरू सर्वोच्च अदालतको अन्तिम फैसला र महान्यायाधिवक्ताको कार्यालयको रायमा अड्किएको बोर्डले स्पष्ट पारेको छ।

लगानी बोर्डका कार्यकारी निर्देशक सुशील ज्ञवालीका अनुसार आयोजनाको विकासकर्ता भारतीय कम्पनी जीएमआरले केही प्याकेजहरूको टेन्डर प्रक्रिया अघि बढाइसकेको छ।

उनका अनुसार परामर्शदाता र विज्ञहरूले पनि त्यसको पुनरावलोकन गरिसकेका छन्। तर, आयोजना सम्बन्धी अन्तिम निर्णयका लागि बोर्ड सर्वोच्च अदालतको एक फैसलाको पूर्णपाठ र महान्यायाधिवक्ताको कार्यालयको रायको प्रतीक्षामा रहेको छ।

'आयोजनाको लगानीको लागि स्वीकृत भए पनि सर्वोच्च अदालतको एउटा फैसला छ। उक्त फैसलाको पूर्णपाठ आएको छैन। पूर्णपाठ नआएकाले बोर्डले पूर्ण रूपमा स्वीकृत गरेर जाने निर्णय हुन सकेको छैन', उनले भने। यस विषयमा थप स्पष्टताका लागि महान्यायाधिवक्ताको कार्यालयलाई पत्राचार गरिसकिएको उनले जानकारी दिए।

'त्यो हामीले त्यसको फाइनल दिन भनेर त्यसलाई कसरी अगाडि बढाउने भनेर हाम्रो महान्यायाधिवक्तालाई हामीले चिठ्ठी लेखेर पठाइसकेका छौं,' उनले भने, 'अनि त्यहाँबाट उताको त्यो फाइनल रायहरू आएपछि अनि अब आउने बोर्डमा यसको हामी निर्णय फाइनल गर्छौं।'




महान्यायाधिवक्ताको राय र सर्वोच्चको फैसलाको पूर्णपाठ आउनासाथ आयोजनाको कामले गति लिने विश्वास बोर्डले व्यक्त गरेको बताए। ९०० मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा १७ वर्षपछि गत २०८१ माघ १ गते लगानी जुटेको थियो।

माथिल्लो कर्णालीमा उत्पादन हुने कुल ऊर्जामध्ये १०८ मेगावाट नेपालको आन्तरिक खपतका लागि छुट्याइएको छ । यस्तै ५०० मेगावाट बिजुली अमेरिकी डलरमा आधारित दीर्घकालीन आपूर्ति सम्झौताअन्तर्गत बंगलादेशलाई निर्यात गर्ने र बाँकी २९२ मेगावाट भारतीय बजारमा बिक्री गर्ने योजना छ।

पटक-पटक म्याद थप गरे पनि लगानी जुटाउन नसेकेको जीएमआर अदालतको आदेशसँगै लगानी जुटाउनै पर्ने दबाबमा थियो । ०८० वैशाख २४ गते सर्वोच्च अदालतले ०८१ माघ ४ गते अन्तिम म्याद तोकिदिएको थियो । त्यसपछि म्याद थप गर्न नमिल्ने आदेशअनुसार जीएमआरले उक्त सीमाको दुई दिनअघि अर्थात् माघ २ गते वित्तीय व्यवस्थापनको प्रतिवेदन लगानी बोर्डमा बुझाएको थियो।

माघ ४ पछि म्याद थप गर्न नमिल्ने भएपछि जीएमआरले संरचना (मोडेल) परिवर्तन गरेको थियो। एक्लै लगानी जुटाउन नसकेपछि जीएमआरले भारतकै सरकारी लगानी रहेको सतजल जलविद्युत् विकास निगम (एजेभीएन) र भारतीय नवीकरण ऊर्जा विकास संस्था (इरेडा)लाई सेयर बेच्यो। अब जीएमआरको र एजेभीएनको ३४/३४ प्रतिशत गरी बराबर सेयर रहनुका साथै इरेडाले ५ प्रतिशत सेयर पाएको छ। नेपाल विद्युत् प्राधिकरणलाई २७ प्रतिशत सेयर निःशुल्क दिइएको छ।

सरकारसँग ०६५ मा सम्झौता गरेपछि जिएमआरले आयोजना निर्माणका लागि 'जिएमआर अपर कर्णाली हाइड्रोपावर लिमिटेड कम्पनी' स्थापना गरिसकेको छ। कम्पनी स्थापनाको ६ वर्षपछि अर्थात् ३ असोज ०७१ मा लगानी बोर्ड र जिएमआरबीच पिडिए सम्झौता हुँदा वित्तीय व्यवस्थापनका लागि दुई वर्ष म्याद दिएको थियो।

माथिल्लो कर्णाली परियोजनाको लागत एक खर्ब १६ अर्ब रुपैयाँ लाग्ने अनुमान छ। त्यसमा कम्पनीले ३० प्रतिशत स्वपुँजीका रूपमा सेयर लगानी गर्नेछ।

नेपालले कम्पनीको स्वपुँजीमा २७ प्रतिशत सेयर निःशुल्क पाउनेछ ।रासस

# ई-रिक्सा र अटो व्यवस्थितरुपमा सञ्चालनमा ल्याउन ध्यानाकर्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । ई-रिक्सा र अटो व्यवस्थितरुपमा सञ्चालनमा ल्याउनका लागि बस व्यवसायीहरुले जनकपुरधाम उपमहानगरपालिकाकोध्यानाकर्षण गराएको छ।

जनकपुरधामउपमहानगरपालिका क्षेत्रमा पछिल्लो समय अत्यधिक रूपमा विद्युतीय रिक्सा र अटो रिक्साको अनियन्त्रित र अव्यवस्थित सञ्चालनले यात्रु, पर्यटक र विशेषगरी बस व्यवसायीहरूलाई गम्भीर समस्या भोग्न बाध्य बनाएको छ। इरिक्सा र अटो रिक्साला व्यवस्थीत बनाउन माँ जानकी जनकपुरधाम यातायात प्रा. लि. ले नगर प्रमुखलाई ज्ञापनपत्र बुझाएको छ।

संघले प्रस्तुत गरेको ज्ञापनमा जनकपुरधामको राजमार्ग क्षेत्रभित्र इ-रिक्सा र अटो रिक्साले मनपरी ढंगले यात्रु ओसार-पसार गरिरहेको, तय गरिएका मापदण्ड र नियमहरूको उल्लंघन गर्दै ट्राफिक व्यवस्थालाई अस्तव्यस्त पारिरहेको उल्लेख गरिएको छ। यसले सार्वजनिक सवारीमा यात्रा गर्ने यात्रुहरूलाई असहज बनाएको सँगै बस व्यवसायीहरूको आम्दानी र दिगो व्यवसायमा पनि नकारात्मक प्रभाव परेको संघको भनाइ छ।

कानुनतः सबैले आ-आफ्नो अधिकारको प्रयोग गर्न पाउने भए पनि त्यही अधिकारको दुरुपयोगले अन्य व्यवसायमा संलग्न पक्षहरूलाई समस्या पार्नु अनुचित हुन्छ। संघका अध्यक्ष मनोज कुमार चौधरीका अनुसार जनकपुरधाममा बिना अनुमति तथा तोकिएको क्षेत्रभन्दा बाहिर सञ्चालनमा रहेका सवारी साधनहरू नियन्त्रणबिना सडकमा छाडा रूपमा चलिरहेका छन्, जसले दुर्घटनाको जोखिम बढाउनुका साथै ट्राफिक जामको स्थिति सिर्जना गरिरहेको छ।

संघले नगरपालिकासँग आवश्यक कार्यविधि निर्माण गरी विद्युतीय रिक्सा तथा अटोको सञ्चालनलाई स्पष्ट ढंगले नियमन गर्न माग गरेको छ। साथसाथै राजमार्ग क्षेत्रमा यात्रु ओसार-पसारमा रोक लगाउनु, बिना रुट परमिट सञ्चालन भइरहेका सवारी साधनको नियमन गर्नु, तथा यात्रुको सुरक्षाका लागि अनुगमन प्रणालीलाई बलियो बनाउनु आवश्यक रहेको पनि औंल्याइएको छ।

पछिल्लो समय जनकपुरधामको व्यस्त सडक र प्रमुख ट्राफिक मार्गहरूमा अनियन्त्रित सवारी साधनहरूको संख्या बढ्दो क्रममा रहेकाले अब नगरपालिका गम्भीर नबने यो समस्या अझै भयावह हुन सक्ने संघको चेतावनी छ। त्यसैले संघले तत्काल पहल लिएर कानुनी ढाँचामा सवारी व्यवस्थापन गर्न नगर प्रमुखको ध्यानाकर्षण गराएको छ।

# ‘चुरेमा जलसञ्चय गर्न सके मधेशमा सुख्खाको समस्या आउँदैन’

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले भने, “यहाँ परेको पानी हामीले चुरेमै सञ्चय गरेर साख्न सकेको भए तुरुन्तै बगेर समुन्द्रसम्म पुग्ने थिएन, यस्ता कुरामा सरकारले गम्भीर भएर योजना बनाउन आवश्यक छ।”

**टुडे समाचारदाता**

मलंगवा । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मधेशलाई बचाउन चुरे क्षेत्रमा जलसञ्चय र भण्डारण गर्नुपर्ने बताएका छन्।

सर्लाहीको लालबन्दी नगरपालिका-१५ स्थित परवानीपुर बोहोरेडाँडामा शनिबार मधेश प्रदेशस्तरीय पुष्पलाल स्मृति भवनको उद्घाटन गर्दै पूर्व प्रधानमन्त्री नेपालले वर्षा हुँदा अनावश्यक बगेर गइरहेको पानीलाई चुरेमै भण्डारण गर्न सक्नुपर्नेमा जोड दिए।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले भने, “यहाँ परेको पानी हामीले चुरेमै सञ्चय गरेर साख्न सकेको भए तुरुन्तै बगेर समुन्द्रसम्म पुग्ने थिएन, यस्ता कुरामा सरकारले गम्भीर भएर योजना बनाउन आवश्यक छ।”

तत्काल मधेश प्रदेशका नागरिकको जीवन बचाउने र सिँचाइको प्रबन्ध मिलाउने कुरामा ध्यान दिन उनले सरकारसँग आग्रह गरे।

आफू शनिबार कोशी प्रदेशको विराटनगरबाट उदयपुर, सिन्धुलीहुँदै सुक्खाग्रस्त मधेश प्रदेशको महोत्तरी र सर्लाहीसम्म आउँदै गर्दा बाटो भरी पानी परेको देखेर खुसी लागेको भन्दै पूर्व प्रधानमन्त्री नेपालले सुक्खाग्रस्त मधेशलाई आगामी दिनमा यस्ता समस्या आउन नदिन स्थानीय, प्रदेश र सङ्घ सरकारले तुरुन्त योजना बनाएर अघि बढ्नु जरुरी रहेको बताए।

चुरेक्षेत्रमा पोखरी निर्माण गरेर ‘वार्टर रिचार्ज’ को प्रबन्ध गर्न सकिने पूर्व प्रधानमन्त्री नेपालको सुझाव छ। उनले आफू प्रधानमन्त्री हुँदा नै राष्ट्रपति चुरे संरक्षण योजना अघि सारेको उल्लेख गर्दै सप्तकोशीको पानी सप्तरी, सिराहा, धनुषा, महोत्तरी हुँदै सर्लाहीको बागमती नदीमा ल्याएर खसाल्ने योजना भने अघि नबढेको गुनासो व्यक्त गरे।





अहिले सप्तकोशीको पानी १५ प्रतिशत मात्रै डाइभर्ट गरेर सिँचाइमा प्रयोग भइरहेको अवस्थामा सप्तकोशीको पानीलाई बागमतीसम्म ल्याउन सके मधेशमा सिँचाइका लागि अहिलेको जस्तो समस्या नआउने उनले बताए।

पूर्वप्रधानमन्त्री नेपालले बोहोरेडाँडामा आफू आएर उद्घाटन गरेको पुष्पलाल स्मृति भवनमा पुष्पलालसँगै गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, तुल्सीलाल अमात्य, निर्मल लामा र मधेशका जिल्लामा किसान आन्दोलनमा सहादत भएका शहीदहरूको समेत शालिक निर्माण गर्न सुझाव दिए।

अध्यक्ष नेपालले भने, “यहाँ देशका लागि अमुल्य योगदान गरेका अन्य पार्टीका नेता र किसान आन्दोलनका अगुवाको समेत शालिक राख्न सकियो भने सकारात्मक सन्देश प्रवाह हुन्छ।” पूर्व प्रधानमन्त्री नेपालले शनिबार नै हरिपुर नगरपालिका-७ स्थित चिताइनमा पक्की छठघाटको उद्घाटन गरेका थिए।

बोहेरोडाँडामा निर्मित पुष्पलाल स्मृति भवन र चिताइनमा निर्मित छठघाट मधेश प्रदेशका प्रदेश सभा सदस्य बेची लुंगेलीको निर्वाचन विकास कार्यक्रमको बजेटबाट निर्माण गरिएको छ।

# शपथग्रहण कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम आलु प्याज व्यवसायी संघको नवनिर्वाचित पदाधिकारीहरुको शपथग्रहण कार्यक्रम सम्पन्न भएको छ।

जनकपुरधाममा शनिबार आयोजित एक कार्यक्रमकाबीच आलु प्याज व्यवसायी संघका नवनिर्वाचित पदाधिकारीहरुको शपथ ग्रहण गरेका छन्।

मो. अलाउदीन राइनको अध्यक्षतामा सम्पन्न भएको सो शपथ ग्रहण कार्यक्रममा नवनिर्वाचित अध्यक्ष सुरज साह, सचिव मनोज साह, सह-सचिव संजय साह तथा कोषाध्यक्ष सिकेन्द्र साहलगायतका पदाधिकारीहरुले शपथ ग्रहण गरेका थिए।



सो कार्यक्रममा नेकपा एमालेको नेतृ जुलीकुमारी महतोले जनकपुरधामलगायतको क्षेत्रमा बजार व्यवसाय धाराशायी भइरहेकोप्रति चिन्ता व्यक्त गरेकी छन्।

पूर्वमन्त्रीसमेत रहेकी नेतृ महतोले स्थानीय ग्राहक सीमा पारी गएर सामान किन्ने परिपाटी बढ्दै गएपछि यहाँको बजार व्यवसायमा समस्या बढ्दै गइरहेको बताइन्। नेतृ महतोले जनकपुरधाम मधेशको राजधानी रहेकाले पनि यहाँको बजार व्यवसायलाई जोगाउनु सरकारको पनि कर्तव्य रहेको बताइन्।

उनले यसका लागि सरकारले व्यापारीहरुलाई के सहुलियत दिनुपर्ने, अनुदान दिएर हुन्छ वा के गरेर हुन्छ बजार व्यवसाय यहाँको बचाउनै पर्नेमा जोड दिइन्।

यसका साथै पछिल्लो समय खडेरीका कारण धान उत्पादनमा ह्रास आउने सम्भावना रहेको हुँदा यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको औंल्याए। उनले अहिलेदेखि नै आलु प्याजसंगै धान, चामलमा यस वर्ष पर निर्भरता बढ्ने लगभग निश्चित रहेको अवस्थामा आलु प्याज व्यवसायीहरुलाई उनले हामी आलु प्याज जस्ता उपभोग्य खाद्यवस्तुमा कसरी आत्मनिर्भरतातर्फ ध्यान दिन आग्रह गरिन्।

सो कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले स्थानीय व्यापारीहरुको सुखदुःखमा सदैव साथ र सहयोग रहने बताए। उनले यहाँको बजार व्यवसायलाई उकास्नकालागि सरकारले नयाँ योजना ल्याउनु आवश्यक रहेको बताए।

नवनिर्वाचित अध्यक्ष सुरज साहले आलु प्याज व्यवसायलाई जनकपुरधाममा व्यवस्थित बनाउनुका साथै मूल्यमा एकरुपता ल्याइने बताए।

# पानी परेपछि किसानलाई राहत

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो खडेरीपछि शुक्रबारदेखि मौसममा देखा परेको परिवर्तनले किसानलाई केही राहत दिएको छ। बर्दिवासलगायतका चुरे क्षेत्रमासमेत शुक्रबार राति यस वर्षकै ठूलो पानी परेको बताइएको छ।

खोलाहरुमा यसपाली पहिलो पटक बाढी आएको छ। सुकेका कुलोहरुमा पानी बग्न थालेका छन्। मध्य रातदेखि शुरु भएको वर्षा विहानसम्म पनि सिमसिम परिरहेको थियो। भने शनिबार पनि पानी परेको छ।

लामो खडेरीपछि मनसुन अनुकूल हुँदैगएको संकेत गरेपछि यहाँका कृषक उत्साहित भएका छन्। शनिवार पनि उत्तरी भेगका बर्दीबास लगायत कतिपय ठाउँमा झमझम पानी परेको छ।



पानीपरेपछिसुकेका कुलोपानीले भरेको छ। रोपेको र धाँजा फाटेका खेतलाई राहत मिलेको कृषकहरुले जनाएका छन्। महोत्तरीको बर्दिवास -५ स्थित टुटेश्वरका बालकुमार आलेले बाँझो रहेका १० कट्ठा खेतमा खेताला लगाएर रोपाइँ शुरु गरेका छन्।

कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायले दक्षिणी भेगमा कम पानी परे पनि चुरे क्षेत्रको वर्षाले खोला र कुलो भरिएको जानकारी दिए। कृषि विकाश निर्देशनालयका अनुसार मधेशमा धान रोपाइँ हुने कूल क्षेत्रफल तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये साउन १६ गतेसम्म जम्मा ५७ प्रतिसत अर्थात दुई लाख १३ हजार ४३८ हेक्टरमा मात्र रोपाइँ भएको छ।

निर्देशनालयका बाली संरक्षण अधिकृत सुदीप चौधरीले मौसम अनुकूल हुदै गएकाले आउँदो साता रोपाइँ प्रतिसतमा उल्लेख्य बृद्धि हुने जनाए।

# तरकारी व्यवसायी आन्दोलनमा उत्रिए



**टुडे समाचारदाता**

बारा । बाराको कलैया उपमहानगरपालिकाले बहाल विटौरी कर दोब्बर बढाएको भन्दै तरकारी व्यवसायीहरूले शुक्रबारदेखि अनिश्चितकालीन आन्दोलन थालेका छन्।

कर वृद्धिको विरोधमा तरकारी तथा फलफूल खुद्रा व्यवसायी संघ, कलैयाको नेतृत्वमा व्यवसायीहरूले पसल बन्द गरेर कलैया बजारमा धर्ना दिएका छन्।

संघका अध्यक्ष आलम हुसेनका अनुसार, उपमहानगरपालिकाले पहिले ३० रुपैयाँ लाग्ने करलाई ५० रुपैयाँ र ४० रुपैयाँ लाग्ने करलाई ८० रुपैयाँ पुऱ्याएको छ।

आन्दोलनमा उत्रिएका व्यवसायीहरूले नगर प्रहरीले शान्तिपूर्ण धर्नामा हस्तक्षेप गर्दै जबरजस्ती पसल खोल्न दबाब दिएको आरोप लगाएका छन्।

करिब दुई सय खुद्रा व्यवसायी आन्दोलनमा उत्रिएपछि कलैया बजारमा तरकारी पसलहरू बन्द छन्। यसबाट दैनिक उपभोग्य तरकारी नपाउँदा उपभोक्ताहरू पनि समस्यामा परेका छन्।

# ठूलो परिमाणको गाँजासहित नौ जना पक्राउ

**टुडे समाचारदाता**

लहान। प्रतिबन्धित लागूऔषध गाँजासहित नौ जनालाई जिल्ला प्रहरी कार्यालय सिरहाले नियन्त्रणमा लिएको जनाएको छ।

जिल्लाको औरही गाउँपालिका-४ स्थित कमलपुरबाट १०३ किलो लागूऔषध गाँजासहित नौ जनालाई नियन्त्रणमा लिएको सिरहा प्रहरीले जनाएको छ।



पक्राउ पर्नेहरूमा गोलबजार नगरपालिका-१ स्थित मुक्सारका ४२ वर्षीय जयराम जोशी, ३० वर्षीय शिवकुमार सदा, २२ वर्षीय कृष्ण सदा, १८ वर्षीय सुरज सदा र १७ वर्षीय पशुपति सदा रहेका छन्।

त्यसैगरी सोही ठाउँका ३२ वर्षीय जीवछ साह, औरही गाउँपालिका-३ का ४२ वर्षीय राजेन्द्र यादव, भारतको मधुवनी जिल्ला कुमरखद ग्राम पञ्चायत-१४ का ३९ वर्षीय वैजनाथ चौधरी र ३० वर्षीय रमेश कामतलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

पक्राउ परेका उनीहरूको साथबाट पाँच वटा बोरामा भरिएको करिब १०३ किलो लागूऔषध गाँजा बरामद गरिएको सिराहा प्रहरीका प्रहरी उपरीक्षक अनन्तराम शर्माले जानकारी दिए। विशेष सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिएर लागूऔषध सम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको उनले बताए।

## अमलेखगञ्ज-लोत्थर पेट्रोलियम पाइपलाइन निर्माण शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल आयाल निगमले अमलेखगञ्ज-लोत्थर पेट्रोलियम पाइपलाइनको निर्माण कार्य शुरु गरेको छ।

चितवनको राप्ती-१ स्थित लोत्थरमा एक कार्यक्रमबीच आज आयोजना कार्यालयको उद्धाटन गरी काम अघि बढाइएको छ।

नेपाल आयल निगमका उपनिर्देशक तथा आयोजना प्रमुख प्रदीपकुमार यादवले यस परियोजनाले अमलेखगञ्जदेखि लोत्थरसम्म पाइपलाइन बिछ्याउने काम गर्ने जनाए। उनले हाल सञ्चालनमा रहेको मोतीहारी-अमलेखगञ्ज पाइपलाइनलाई विस्तार गरेर यसलाई लोत्थरसम्म पुऱ्याइने बताए।

यो परियोजना ५४ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि यसलाई तीन वर्षभित्रै सक्ने प्रयास गरिने यादवले जानकारी दिए। उनले यसअघि मोतीहारी-अमलेखगञ्ज पाइपलाइन १५ महिनामै सम्पन्न गरिएको उदाहरण दिँदै यो काम पनि छिट्टै सकिने बताए।

# जसपा सप्तरी अध्यक्ष पदमा केदार र उमेशको उम्मेदवारी दर्ता



**टुडे समाचारदाता**

राजविराज। जनता समाजवादी पार्टी नेपाल सप्तरीको अध्यक्षमा उमेशप्रसाद यादव र केदारप्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन्।

राजविराजमा शनिबार पार्टी कार्यालयमा छुट्टाछुट्टै प्यानलसहित उनीहरूले निर्वाचन समिति समक्ष उम्मेदवारी दर्ता गराएका छन्।

निर्वाचन कार्यतालिका अनुसार शनिबार मनोनयन दर्ता भए बमोजिम अध्यक्ष पदमा उम्मेदवार उमेशप्रसाद यादवले उम्मेदवारी दर्ता गरे भने अर्का अध्यक्षका उम्मेदवार केदारप्रसाद यादवले पनि उम्मेदवारी दर्ता गराएका छन्।

केदार यसअघि पार्टी जिल्ला अध्यक्ष थिए भने उमेश उपाध्यक्ष थिए।

उमेशको प्यानलबाट उपाध्यक्ष हरेराम यादव, राजेश्वर राय, सचिवमा निरज मुक्ति, उपसचिवमा दाउद हुसैन, राहुल मण्डल र कोषाध्यक्षमा अभिनभ यादव (निकु) रहेका छन्।

त्यसैगरि केदारको प्यानलबाट उपाध्यक्षमा लक्ष्मण यादव, उषा साह, सचिव शम्भु कुमार यादव, उपसचिवमा रिता कुमारी चौधरी, रामेश्वर कौडगिया र कोषाध्यक्ष अर्मेन्द्रकुमार यादव छन्।

सात पदाधिकारी खुला, २५ भुगोल र समावेशी २५ गरी ५० सदस्य जिल्ला समिति चयनका लागि साउन १८ गते बिहान ८ देखि १ बजेसम्म मतदान हुने निर्वाचन अधिकृत धनेश्वर यादवले जानकारी दिए।

उनका अनुसार जिल्ला नेतृत्व चयनका लागि विभिन्न पालिका र भातृसङ्गठन गरी एक सय १५ जनाले मतदान गर्ने बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८